# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक २८०  काठमाडौं  बिहीबार, २५ माघ २०८०  Prabhab National Daily  Thursday, February 8, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# गगन–रवि छेडछाड



आम नागरिकले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउँछ । ठगीको धन्दाको मतियार हुन्छ भने कानुनी कारबाहीको दायरामा आउनु पर्दैन ?

■ **गगन थापा**, महामन्त्री
नेपाली कांग्रेस

कांग्रेसले लामो समयसम्म सरकार नछोडेको जस्तो पनि लाग्छ । राजनीति र सदनमा भएको पनि वर्षौं बितेजस्तो लाग्छ । रोके छ चाहिँ केले ? नयाँ दलले ?



■ **रवि लामिछाने**, सभापति
राष्ट्रिय स्वतन्त्र पार्टी

■ **जेबी योञ्जन**

**काठमाडौं–** सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्री गगन थापा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेबीच संसद् बैठकमै घोचपेच भएको छ । बुधबारको प्रतिनिधि सभामा सरकारी जग्गा हडपेको प्रकरण र सहकारी ठगी प्रकरणमा दुई नेताबीच घोचपेच भएको हो ।

निकै लामो समय सम्बोधन गरेका महामन्त्री थापाले सुरुमा नेपालको सार्वजनिक जग्गा हडप्ने र सहकारी ठगीमा संलग्न व्यक्ति जतिसुकै शक्तिशाली भए पनि सजाय पाउनुपर्ने बताएका थिए । उनको यो अभिव्यक्ति बाँसबारीमा रहेको छालाजुत्ता कारखानाको १० रोपनी सरकारी जग्गा हडपेको आरोपमा पक्राउ परेर अन्ततः थुनामुक्त भएका व्यवसायी अरुण चौधरी र सहकारी ठगी प्रकरणमा मुछिएका लामिछानेलक्षित थियो ।

'नेपालको सार्वजनिक जग्गा कसैले हडप्छ भने सजाय पाउनुपर्छ । जतिसुकै शक्तिशाली होस्, जुनसुकै पदमा बसेको होस्, दण्ड पाउनुपर्छ । आमनागरिकहरूले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउनेमाथि कारबाही हुनुपर्छ,' गगनले भनेका थिए ।

अझ आक्रोशित हुँदै थापाले लामिछानेलक्षित भनाई राखे । सहकारी ठगी धन्दाको मतियार भएका व्यक्ति कारबाहीको दायरामा आउनुपर्ने उनको भनाई थियो । त्यसो गरिए सरकार सुशासनको पक्षमा साँचो रूपमा उभिएको अर्थ लाग्ने पनि उनको भनाइ थियो ।

'आम नागरिकहरूले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउँछ । ठगीको धन्दाको मतियार हुन्छ भने कानुनी कारबाहीको दायरामा आउनु पर्दैन ? कानुनले कारबाही गर्नु पर्दैन ?' महामन्त्री थापाले भने ।

अरुबेला अधिकांश समय सरकारको आलोचनामा खर्चिने थापाले बुधबार भने सुशासन कायमसँग सम्बन्धित सवालमा धारणा राखेका हुन् । सोही क्रममा चौधरीसँगै लामिछाने पनि थापाको आक्रोशको घानमा परे ।

उनले नागरिकता बनाउनलाई किर्ते गर्नेमाथि पनि कारबाही हुनुपर्ने बताए । 'हातमा तागत होस्, कलम होस् नागरिकता बनाउनलाई किर्ते गर्छ भने फलानो दलसँग जोडिएको छ, त्यसकारण किर्ते गरे पनि माफी हुन्छ भनेर चल्छ ?' थापाले प्रश्न गरे ।

■ अरूबेला सरकारको आलोचनामा खर्चिने थापाले बुधबार सुशासन कायमबारे धारणा राख्ने क्रममा अरूण चौधरीसँग लामिछाने आक्रोशको घानमा परेका हुन्

■ लामिछाने पनि के कम, अदालतले दोषी ठहर गरेका नेताहरु पुराना दलमा अझै पदाधिकारीकै रूपमा रहेको भन्दै गगनतिरै औंला सोझ्याए ।

उनले सुशासनको मन्त्र भनेको कानुनी शासन नै भएको बताए । सामान्य नागरिकलाई जसरी सुशासनविरोधी गतिविधिमा संलग्नमाथि कानुनी डण्डा चलाउनुपर्नेमा उनको जोड थियो ।

'चाहे जग्गा हडप्ने होस्, नागरिकताको किर्ते गर्ने होस् वा सहकारीमा ठग्ने होस्, यताको होस् वा उताको होस्, जुनसुकै दलको होस्, दलभन्दा बाहिरको होस्, जतिसुकै शक्तिशाली होस्', गगनले भने, 'एउटा नागरिकले जे गर्दा दण्ड पाउँछ, शक्तिशालीलाई पनि त्यो कानुन त्यसरी नै लागू हुनुपर्छ ।'

थापा रोस्ट्रममा यसरी चर्किंदा घरिघरी रवि पिलिक्क हेर्थे । आक्रोशभाव (**क्रमशः पृष्ठ २ मा**)

# सम्पत्ति शुद्धीकरण विधेयक बल्ल टुंगोमा

■ माघ २७ गते यसअघिका कानुनमन्त्री धुर्वबहादुर प्रधानले संसदमा टेबल गरेको विधेयक यसपटक प्रतिनिधि सभाबाट पारित भएको हो

■ सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई सन् २०१४ बाटै कडा कानुन बनाउन सचेत पार्दै आएको थियो

■ स्रोत नखुलेका, भ्रष्टाचार, सुन तस्करी, हुन्डीजस्ता कारोबारबाट आर्जन गरिने सम्पत्तिका लागि नेपाल स्वर्गजस्तै बनेपछि आर्थिक स्वास्थ्य खराब बन्दै गएको थियो



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिउँदे अधिवेशन सुरू भएसँगै प्राथमिकतामा परेको सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन बुधबारको बैठकले बहुमतले पारित गरेको छ । समितिमा संशोधन हालेर सुझावसमेत दिएको राष्ट्रिय स्वतन्त्र पार्टीको विरोधले विधेयक सर्वसम्मत भने हुन पाएन ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले प्रतिनिधि सभामा 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित गरियोस्' भनी प्रस्ताव पेश गरेका थिए ।

विधेयकमाथि कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनसहित छलफल भएको थियो । छलफलका क्रममा १८ जना सांसदले विधेयकमाथि विभिन्न सुझाव दिएका थिए । छलफलपछि सभामुख देवराज घिमिरेले विधेयकलाई निर्णयार्थ पेश गरेका थिए ।

मनी लाउन्डरिङसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत् निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गरिएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्पारिक कानुनी सहायता ऐन २०७०, संगठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ । मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा पनि विधेयकमार्फत संशोधन गरिएको छ ।

### २५ लाखमा रास्वपाको आपत्ति

रास्वपाका सांसद स्वर्णिम वाग्लेले व्यक्तिगत बचतको सीमा २५ लाख राख्ने प्रावधान समितिले संशोधन गरेको भन्दै प्रतिनिधि सभामा असन्तुष्टि जनाए । '२०७४ साल असोज ३ को सहकारी विधेयकमा ६ सय ९३ वटा संशोधन हालेर सहकारी ऐनलाई पंगु बनाइयो । आजको विकराल अवस्थामा ल्याइयो,' वाग्लेले भने, 'त्यो शृंखला रोकिएला भनेको त यसलाई अझै निरन्तरता दिइएको छ ।'

रास्वपाकै अर्का सांसद अशोक चौधरीले सहकारीमा रकम जम्मा गर्ने सीमालाई खुकुलो बनाएको भन्दै असन्तुष्टि पोखे । 'व्यक्तिगत बचतको सीमाको प्रावधान झिक्ने र राष्ट्र बैंकको नियमनको थ्रेसहोल्ड २५ करोडबाट ५० करोड पुर्‍याउने काम भएको छ,' चौधरीले भने, 'यस्तो प्रतिवेदनको आधारमा विधेयक पारित हुनु हुँदैन ।'

यसअघि प्रतिनिधि सभाले समितिमा पठाएको विधेयकमा २५ लाखको सीमा राखेको थियो । तर यस बुँदामा विज्ञ, सरोकारवाला पक्ष र अधिकांश सांसदले विरोध जनाएका थिए । सरकारले पच्चीस करोडभन्दा बढी सेयर पुँजी रहेको वा वार्षिक पचास करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारीको नियमन, निरीक्षण तथा सुपरीवेक्षण नेपाल राष्ट्र बैंकले समेत गर्ने व्यवस्था सहकारी ऐनको दफा १५० मा राख्न प्रस्ताव गरेको थियो ।

यसैगरी सरकारले कानुनी रूपमा नै २५ करोड बढी पुँजी भएका सहकारीलाई राष्ट्र बैंकको जिम्मा लगाउन खोजेको थियो । तर संसदीय समितिले जोखिमका आधारमा सहकारी विभागको अनुरोधमा मात्र राष्ट्र बैंकले जिम्मा लिने गरी प्रावधान राखेको छ । (**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भ: वैदेशिक रोजगार**

# इपीएस भाषा परीक्षाको मिति अझै भएन तय

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** वैदेशिक रोजगार विभाग, इपीएस कोरिया शाखाले रोजगार अनुमति प्रणाली (इपीएस) भाषा परीक्षाको मिति तय हुन अझै केही दिन लाग्ने जनाएको छ । शाखाले दक्षिण कोरियाको उत्पादनमुलक क्षेत्रमा जान लिइने भाषा परीक्षाको मिति यही माघ २२ गते सार्वजनिक गर्ने बताइएपनि बुधबार एक सूचना जारी गर्दै अझै केही समय लाग्ने उल्लेख गरेको छ ।

'उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षाबारे माघ २२ गते सूचना प्रकाशित गर्ने तय भएको थियो । तर, प्राविधिक कारणले गर्दा उल्लेखित मितिमा परीक्षाबारे विस्तृत विवरण सार्वजनिक गर्न नसकेका कारण केही दिनभित्रै पुनः सूचना जारी गर्ने व्यहोरा जानकारी गराइन्छ,' सूचनामा भनिएको छ । शाखाले यसअघि गत मंसिर १९ गते सार्वजनिक गरेको सूचनाअनुसार कोरियाको उत्पादनमूलक क्षेत्रका लागि आवेदन दिएका परीक्षार्थीलाई परीक्षाबारे विस्तृत जानकारी माघ २२ मा प्रकाशित गर्ने बताएको थियो ।

ठूलो संख्यामा रहेका आवेदकहरूको विस्तृत विवरण रूजु गर्ने काम नसकिएकाले तोकिएको समयमा परीक्षा मिति सार्वजनिक गर्न नसकिएको शाखाकी निर्देशक मैयाँ कँडेलले बताइन् । 'केही प्राविधिक कार्यहरू बाँकी रहेकाले परीक्षाको मिति तय गर्न थप समय लागेको हो,' उनले भनिन्, 'सबै तयारी पुरा गरेर केही दिनभित्रै परीक्षाको मिति सार्वजनिक गर्छौं ।' ईपीएसमार्फत कोरियाको उत्पादनमुलक क्षेत्रमा जानका लागि १ लाख ६४ हजारभन्दा बढी परीक्षार्थीले भाषा परीक्षाको लागि आवेदन दिएका छन् । परीक्षार्थीको संख्या ठूलो भएकाले तीन चरणमा दैनिक पाँच सिफ्टमा परीक्षा सञ्चालन गर्ने इपीएस शाखाको तयारी छ ।

रोजगारीको लागि आकर्षक गन्तव्य मानिएको कोरियामा सरकारले जीटुजी सम्झौता अन्तर्गत सन् २००८ देखि आफैले श्रमिक पठाउँदै आएको छ । कोरियामा हालसम्म इपीएसमार्फत एक लाख १० हजारभन्दा बढी नेपाली पुगिसकेको सरकारी तथ्यांकले देखाएको छ भने अहिले ५० हजारको हाराहारीमा नेपालीहरू श्रम गरिरहेका छन् । कोरियाले उत्पादनमुलक र कृषि क्षेत्रमा नेपालीहरूलाई रोजगारीको अवसर दिँदै आएको छ । यसबाहेक पछिल्लो समय पानीजहाज निर्माण 'शिप बिल्डिङ'मा पनि नेपाली श्रमिक लैजान सुरु गरेको छ । इपीएसमार्फत गत वर्षमात्रै २१ हजार भन्दाबढी नेपाली श्रमिक कोरिया गएको शाखाले जनाएको छ ।

# किर्ते गर्ने ज्वाईं–जेठान पक्राउ

**काठमाडौं, (प्रस)–** अरुको नागरिकता किर्ते गरी वैदेशिक रोजगारीको नाममा युरोप पठाउने भन्दै रकम ठगी गर्ने दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सर्लाहीको हरिवन नगरपालिका-३ घर भई ललितपुर नख्खु बस्ने ३५ वर्षीय रामेश्वर सिंह र धनुषाको मिथिला नगरपालिका-१० घर भई नख्खु नै बस्ने रामसेवक सिंह रहेको प्रहरीले जनाएको छ ।

रामेश्वर र रामसेवक नातामा ज्वाईं-जेठान रहेको प्रहरी अनुसन्धानबाट खुलेको छ । सरोज यादव, नागेन्द्र यादव र गुरुदेव यादवको नगारिकताको प्रमाणपत्रमा रामेश्वर सिंहले आफ्नो बहिनी ज्वाईं रामसेवक सिंहको फोटो टाँसेर किर्ते गरी काठमाडौं, चितवन र विर्तामोडमा कन्सल्टेन्सी दर्ता गरेर रोजगारीको लागि युरोपेली मुलुक रोमानिया, जर्मनी, क्रोएसिया र अफगानिस्तान पठाइदिने भन्दै प्रतिव्यक्ति सात लाख रूपैयाँसम्म ठगी गरेको प्रहरीले उल्लेख गरेको छ ।

लामो समयदेखि ठगीधन्दा चलाउँदै आएका ज्वाईं-जेठानले युरोपेली मुलुकका प्रतिष्ठित कम्पनीहरूमा काम लगाइदिने भन्दै ५५ जनासँग त्रिसठ्ठी लाख रूपैयाँ संकलन गरी ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । रामेश्वरले २०७४ सालदेखि एक वर्ष बजाज ओभरसिजमा वैदेशिक रोजगारसम्बन्धी काम सिकेको, २०७४ साल फागुनमा भेरी ओभरसिज किनेर सञ्चालन गरी दुई सय जनाबाट तीन करोड रूपैयाँ ठगी गरी डेढ वर्ष जेल सजाय भुक्तान गरेको, २०७८ सालमा ठगी मुद्दामा फरार रहेको अनुसन्धानबाट खुल्न आएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मिलन केसीले बताए ।

रामेश्वरले भेरी ओभरसिजमा विदेश जान भनि पेश गरेका यादवत्रयको नागरिकताको प्रमाणपत्रमा रामसेवकको फोटो टाँसेको पनि खुल्न आएको छ ।


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक  www.prabhabonline.com  प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### गगन-रवि...

उनको अनुहारमा देखिन्थ्यो । अन्ततः रविले थापाको जवाफमात्रै फर्काएनन्, उल्टै प्रश्न पनि गरे ।

प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै सभापति लामिछानेले सरकारी जग्गा हडप्ने, नागरिकता किर्ते गर्ने र सहकारीका ठगहरूलाई कारबाहीको दायरामा ल्याउन नयाँ दलले रोकेको हो भनी प्रश्न गरे ।

'सरकारी जग्गा किर्ते गर्नेहरू आफ्नै दलभित्र छन् कि र पहिला पार्टीभित्र कारबाही गरेर सुशासनको नयाँ कदम र उदाहरण दिने पो हो कि ? नागरिकता किर्ते गर्ने र सहकारीका ठगहरूलाई कारबाहीको दायरामा ल्याउने पो हो कि ? सरकारमै भएजस्तो लाग्छ', लामिछानेले गगनप्रति लक्षित गर्दै भने, 'लामो समयसम्म सरकार नछोडेको जस्तो पनि लाग्छ । राजनीति र सदनमा भएको पनि वर्षौं बितेजस्तो लाग्छ। रोके छ चाहिँ केले ? नयाँ दलले ?'

अदालतले दोषी ठहर गरेका मान्छेहरू केही पुराना दलमा अझै पदाधिकारीका रूपमा रहेको पनि लामिछानेले बताए । 'पुराना दलले एकपटक आफ्नो दलभित्र चियाएर हेर्ने हो कि ? जहाँ अदालतले फैसला गरेका मान्छेहरू अझै पदाधिकारीका रूपमा रहन्छन्', रविले भने ।

तर, पूर्वउपप्रधान तथा गृहमन्त्री भएका रवि सहकारी ठगी प्रकरणमा मुछिएका छन् । उनीविरुद्ध उजुरी पनि परेको छ । पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारीका पीडितले लामिछाने र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेशविरुद्ध पनि अनुसन्धान गर्न प्रहरीमा जाहेरी दिएका छन् । सहकारीको रकम हिनामिनामा लामिछाने र पुन पनि संलग्न रहेको पीडितहरुको जिकिर छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक मोहन थापाका अनुसार २५ जना पीडितले लामिछाने र पुनविरुद्ध उजुरी दिएका हुन्। त्यहाँ यसअघि नै १ हजार ७६ जना पीडितले पनि लामिछानेलगायतविरुद्ध उजुरी दिएका छन्। उजुरीमा बचतकर्ताको पैसा लामिछाने यसअघि शेयरधनी रहेको गोरखा मिडिया प्रालिमा लगानी गरेको पीडितहरुले उल्लेख गरेका छन् । तर, लामिछानेले आरोपहरुको खण्डन गरेका छन् । समाचारहरुमा सत्यता नभएको पनि उनको दाबी छ ।

यसरी लामिछाने सहकारी ठगी प्रकरणमा मुछिएको बेला कांग्रेस महामन्त्री थापाले उनलाई कारबाहीको मागसमेत गरे । अनुसन्धानको दायरामा ल्याएर दोषी ठहरिए सर्वसाधारण नागरिकलाई जसरी कारबाही हुनुपर्नेमा उनको जोड छ। लामिछानेले भने यी सबै विषयलाई खारेज गर्दै कारबाही गरेर देखाउन चुनौती दिएका हुन्।

■■■

### सम्पत्ति शुद्धीकरण...

माघ २७ गते यसअघिका कानुनमन्त्री धुर्वबहादुर प्रधानले संसदमा टेबल गरेको विधेयक वैशाख १५ गते समितिमा पुगेको थियो । समितिले भदौ २० गते सांसद रञ्जु झाको संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरी गम्भीर छलफल गरेको थियो। उक्त समितिमा रास्वपा सांसद सोबिता गौतम थिइन् भने उक्त पार्टीका प्रमुख सचेतक सन्तोष परियार लेसमेत संशोधन हालेका थिए ।

वृहद छलफलपछि उपसमितिले बुझाएको प्रतिवेदन समितिकी सभापति विमला सुवेदीले असोज २५ गते टेबल गरेकी थिइन् । रास्वपाको असहमतिका बाबजुद् सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ । अब उक्त विधेयक राष्ट्रिय सभामा पेश हुनेछ । 'राष्ट्रिय सभाबाट पारित भएपछि राष्ट्रपतिले प्रमाणीकरण गरेसँग ऐन बन्नेछ,' समितिका सचिव अधिराज राईले भने । यसका लागि एक महिना लाग्नसक्ने उनले बताए ।

#### दश वर्षपछि बल्ल टुंगोमा

स्रोत नखुलेका, अवैध धन, भ्रष्टाचार, सुन तस्करी, हुन्डीबाट आर्जन गरिने सम्पत्तिका लागि नेपाल स्वर्गजस्तै देश बन्न थालेपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई यसअघि कडा कानुन बनाउन सचेत गराउँदै आएको थियो । कानुन नबनाए नेपाललाई ग्रे लिस्टमा राख्ने चेतावनी २०१४ बाटै दिँदै आएको थियो। तर अनुनय विनय गर्दै नेपाल ग्रे लिस्टमा पर्नबाट जोगिँदै आएको थियो । यद्यपि अहिलेको आर्थिक संकट आर्थिक अपचलनकै कारण भएको बताइन्छ। यसैले पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन जायज देखेर यसपटक कानुनमन्त्री धनराज गुरुङ तातेका थिए ।

उपसमितिको हरेक बैठकमा कानुनमन्त्री गुरुङ शुरुमै पुग्थे र सांसदहरूको सुझाव सुन्थे । विधेयक पारित भएसँगै आफूलाई खुसी लागेको गुरुङले सुनाए । 'अब नेपाल ग्रे लिस्टमा पर्दैन, ढुक्क भइयो,' मन्त्री गुरुङले भने ।

नेपालबारे एफएटीएफलाई रिपोर्ट बुझाउने संस्था एसिया प्यासिफिक गुरूप एपीजी सम्मेलन क्यानडाको भ्यान्क्युभरमा गत असार २४ देखि २९ गतेसम्म चलेको थियो । उक्त सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा ३० सदस्यीय नेपाली टोली सहभागी थियो । सम्मेलनले नेपाललाई कानुन बनाउने म्याद वर्ष दिन थप गरेपछि नेपाललाई राहत मिलेको थियो ।

ग्रे लिस्टमा परे विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायतले ऋण तथा आर्थिक सहायता नियन्त्रण गर्ने, अनुदान र सहायता बन्द गर्ने सम्भावना रहन्छ । त्यसपछि पनि सुधार नभए देश कालोसूचीमा जाने र विश्वव्यापी नाकाबन्दीको सिकार हुने अवस्था आउन सक्छ। कालोसूचीमा परेको देशबाट अन्तर्राष्ट्रिय बैंकिङ कारोबारमा नियन्त्रण र प्रतीतपत्र कारोबार गर्न कठिनाई हुन्छ ।

यस्तो अवस्थामा विदेशी लगानी निरुत्साहित हुने, अन्तर्राष्ट्रिय जगत्मा देशको वित्तीय साख घट्ने तथा सरकार र नागरिकको विदेशमा रहेको सम्पत्ति जोखिममा पर्ने हुन्छ ।

स्रोत नखुलेको, अवैध तरिकाले आर्जन गरिएको, करको दायरामा नसमेटिएको, आपराधिक तरिकाले आर्जन गरिएको अकुत सम्पत्तिलाई वैधानिक बनाई कानुनको दायरामा ल्याउने व्यक्ति, समूह वा संगठनले अपनाउने कृत्रिम तरिका, प्रक्रिया वा विधि नै सम्पत्ति शुद्धीकरण हो ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २७१ माघ १६ गते २०८० मा प्रकाशित **Trust Nepal Overseas Pvt. Ltd.** को Lot No. 286912 को **Terang Nusa (Malaysia) Sdn. Bhd.** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति:** २०८०/१०/२५ **(2024/02/08)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
Trust Nepal Overseas Pvt. Ltd.
9802021361


## साउदीमा रोजगार
NAIF SALEH ALBEDEWI COMPANY, RIYADH, SAUDI ARABIA
पुर्व स्विकृति मिति: २०८०/१०/२३ चलानी नं. ६०२१४४५२ LT No. 299484

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mining Worker | 02 | काममा दक्ष | 1500 | 53002 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

★ अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ३ गते (15 Feb. 2024) हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन बिमा कसले व्योर्हने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योर्हने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योर्हने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्हने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

आकृति रिक्रुटिङ्ग प्रा. लि.
सिनामंगल, काठमाडौं, फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : ROWA AL-MAS MAINTENANCE AND CLEANING COMPANY ONE-PERSO CO
पूर्व स्वीकृति मिति : २०८०/१०/२२ LT. No. 292923 चलानी नं : ६०२१४४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 1 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## युएईमा रोजगार
AL TANMYAH SERVICES (L.L.C.), DUBAI
पुर्व स्विकृति मिति: २०८०/१०/१८ चलानी नं. ६०२१४१९६ LT No. 299277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | काममा दक्ष | 1100 | 40000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योर्हने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योर्हने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योर्हने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्हने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता हुने स्थान र मिति सच्याइएको सम्वन्धमा:
दारी बा सेकुवा कर्नर, भद्रपुर नगरपालिका, झापामा: २०८० माघ २९ गते (12 Feb. 024) बिहान १० बजे हुनेछ।
शिभम ट्रेनिङ्ग सेन्टर, जनकपुर उपमहानगरपालिका, धनुषामा: २०८० फागुन १ गते (13 Feb. 024) बिहान १० बजे हुनेछ ।
जनप्रिय थकाली भान्छा घर , पोखरा लेखनाथ महानगरपालिका, कास्कीमा: २०८० फागुन २ गते (14 Feb. 024) बिहान १० बजे हुनेछ ।
मेनपावर कार्यालय, काठमाडौ महानगरपालिका, काठमाडौमा २०८० फागुन ३ गते 15 February 2024) बिहान ९ बजे हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ०

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744
Contact Numbers: Jhapa: 9802056676- Shree Prasad Rajbanshi
Janakpur: 9813900731-Pradip, 9801052538-Gambhir, 9812070463-Ram Briksh
9809679469-Ram Pukar, 9851042817-Murari Purbe, 9851234033-Dipesh
Pokhara: 9846143342, Kathmandu: 9851061658

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : MY UMBRELLA CAFÉ SERVES DRINKS
पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. 294387 चलानी नं.६०२०९५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1500 | ५३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : YONG-LI INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. No. 279082 चलानी नं. ६०१९४६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## कतार/कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPOATION LIMITED SAUDI BRANCH
पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT No :298561 चलानी नं. ६०२१३५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 10 | 0 | 1200 | ४३,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४३,७४५ | | | | | | | |
| 3 | Concrete Finishers | 5 | 0 | 1200 | ४३,७४५ | | | | | | | |
| 4 | Construction Worker | 15 | 0 | 1200 | ४३,७४५ | | | | | | | |
| 5 | Painter | 15 | 0 | 1200 | ४३,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: निखिल मल्टि सर्भिसेस, माइतीपोखरी, काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।
स्किल डेभलोप्मेन्ट ट्रेनिङ सेन्टर, नेपालगञ्जमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।

कम्पनी : SIGNATURE COMPANY FOR RECEIVING AND DELIVERING CLOTHES
पूर्व स्वीकृति मिति २०८०/०६/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT No :293371 चलानी नं. ६०२०८५१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 150 | ६५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NORA STYLE LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०७९/१०/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. No. 280766 चलानी नं.६०१९६३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 140 | ६०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 2 | 140 | ६०,९२५ | | | | | | | |

कम्पनी : HAIR CITY SALON LADIES
पूर्व स्वीकृति मिति २०७९/०३/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT No :265721 चलानी नं. ६०१८४६३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 15 | 130 | ५६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPEED HOUSE FACTORY MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/२३ LT. No. 299516 चलानी नं.६०२१४४४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 77 | 0 | 90 | ३९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/२३ LT. No. 299517 चलानी नं.६०२१४४५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 40 | 85 | ३६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/chef Assistant | 39 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 3 | Driver | 20 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 4 | Security Guard | 20 | 0 | 130 | ५६,५७५ | | | | | | | |
| 5 | Waiter/waitress | 30 | 30 | 150 | ६५,२७५ | | | | | | | |

कम्पनी : JAZZ BEAUTY SALON COMPANY FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८०/१०/२३ LT. No. 299518 चलानी नं.६०२१४४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 150 | ६५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician. | 0 | 4 | 150 | ६५,२७५ | | | | | | | |

कम्पनी : PELTECH FILTRATION SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT No :273233 चलानी नं. ६०१८९३११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## VACANCY ANNOUNCEMENT

A leading foreign recruitment agency is seeking the following position urgently.

1. Accountant (F/M): 1

SALARY IS NEGOTIABLE

*Interested candidates can submit their CV to our email: hamdanglobalnepal@gmail.com*

Candidates with greater experience will be given more preference!!

HAMDAN GLOBAL PVT. LTD.
License No. 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital)
Tel: +977 1 5915082 / 83


# Mandandeupur Municipality
## Office of Municipal Executive
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

***(Date of Publication: 08th Feb 2024)***

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through **PPMO** e-GP system ***www.bolpatra.gov.np/egp.***

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | NagarPalikako SabhaHall Nirman (Interior Design) | 28/Works/NCB/MDM/080/81 | 10/03/2024 12:00 hrs. | 10/03/2024 13:00 hrs. | Nrs.3,000 | Nrs. 3,35,000.0 | Nrs. 1,16,84,245.75 |

**Chief Administrative Officer**
**Mandandeupur Municipality**

# ‘ढिलासुस्तीले दायित्व बढ्यो’

■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रधानमन्त्री पुष्पकमल दाहालले परिवर्तनको मुख्य संवाहक हुनुका नाताले आफू संघीयताको कार्यान्वयनमा दृढताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित राष्ट्रिय समन्वय परिषद्को दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

‘संघीयता कार्यान्वयनमा मुख्यमन्त्रीहरूले मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ संघीयता कार्यान्वयनमा लाग्छु,’ राष्ट्रिय समन्वय परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालले भने । विसं २०७६ मा परिषद्सम्बन्धी कानुन बने पनि पहिलो बैठक आफूले नै गत असारमा राखेको प्रधानमन्त्रीले स्मरण गरे । संघ, प्रदेश र स्थानीय सरकारका काम कारबाहीमा समन्वय र सुदृढ गर्न परिषद्को बैठक राखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले थपे, ‘चारवर्ष एउटै बैठक नबसेर बित्यो । मैले ६ महिनामा २ वटा बैठक राखेर संघीयता कार्यान्वयनको पहल लिएको छु ।’

संघीयता कार्यान्वयन गर्न आफू मुख्यमन्त्रीहरूसँग लगातार छलफलमै रहेको जानकारी दिँदै प्रधानमन्त्रीले संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोड दिए । ‘यो बैठकले गति पैदा गरेको अनुभूति गरेको छु । मलाई सबै मुख्यमन्त्रीज्यूहरूको आशा र भरोसा छ । संघीयता कार्यान्वयनमा यो मेरो शक्ति हो,’ दाहालले भने, ‘मैले पनि सरकारको नेतृत्वमा आएदेखि नै यहीँ विषयलाई केन्द्रमा राखेर काम गरिरहेको छु ।’

प्रधानमन्त्री दाहालले संघीय निजामती सेवा ऐन र प्रहरी समायोजनका लागि उपप्रधानमन्त्रीहरूलाई जिम्मेवारी नै तोकेर काम थालिएको जानकारी दिए । ‘संघीय ऐनहरू निर्माण नै हाम्रो प्रमुख कार्यभार हो । प्रदेशहरूले जनतालाई सेवा दिन थालेपछि संघीयता विरोधीलाई राम्रो जवाफ हुनेछ,’ दाहालले भने ।

तीनै तहका सरकारले ल्याउने नीति, कार्यक्रम तथा बजेट सामूहिक विवेकको केन्द्रिकृत अभिव्यक्ति हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले योजना पूरा नगर्ने, नयाँनयाँ योजना ल्याउने र निर्धारित समयमा सम्पन्न नहुने अवस्थाको अन्त्य गर्नुपर्ने बताए । ‘असन्तुलित विकास र ढिलासुस्तीले राज्यको दायित्त्व बढेको छ । यस परिस्थिति यसपटक अन्त्य हुन्छ । बजेट निर्माणमा रहेका बेथिति अन्त्य गरिन्छ,’ उनले भने ।

बैठकमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीले लिएको अग्रसरताले यससम्बन्धी अन्योल हटेर गएको तर्क गरे । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले संघीयता कार्यान्यवनमा प्रधानमन्त्रीले चिन्ता र चासोका साथ काम गरिरहेको बताए ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङले संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीको सक्रियताले आफूहरूलाई उत्साह पैदा गरेको बताए । संघीय कानुन निर्माणका निम्ति मन्त्रालयले काम गरिरहेको जानकारी दिँदै गुरुङले चालु संसद् अधिवेशनमा अधिकांश संघीय ऐनहरू पारित हुने विश्वास दिलाए ।

# टुँडिखेलमा तीन दिनसम्म मनाइँदै सोनाम ल्होछार

■ प्रभाव संवाददाता




**काठमाडौं** – राजधानीको टुँडिखेलमा सोनाम ल्होछार तीन दिनसम्म मनाउने भएको छ । राष्ट्रिय सोनाम ल्होछार २८६० डुक ल्होछार मूल समारोह समितिले सांस्कृतिक महोत्सवको रूपमा ल्होछार पर्व मनाउने जनाएको हो ।

‘बिहीबारबाट सांस्कृतिक महोत्सव शुरु हुन्छ, २७ गते मुल दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रमुख अतिथिका रूपमा आउनुहन्छ,’ तामाङ घेदुङका सहअध्यक्षसमेत रहेका मुल आयोजक समितिका संयोजक कुमार घिसिङले भने । ल्होछार पर्वलाई पछिल्लो समय टुँडिखेलमा सांस्कृतिक महोत्सवका रूपमा मनाउँदै आएको छ । घरघरमा मनाउनुपर्ने पर्व भए पनि राज्यलाई देखाउनकै लागि टुँडिखेलमा महोत्सव आयोजना गर्नुपरेको सहअध्यक्ष घिसिङले बताए ।

औपचारिक कार्यक्रमअघि खुलामञ्चबाट सांस्कृतिक र्‍याली, झाँकीसहित सहरका विभिन्न स्थान परिक्रमा गरिनेछ । महोत्सवमा तामाङ जातिको सांस्कृतिक संस्थाहरू (ताम्बा, बोन्बो तथा लामा) गुरुहरूद्वारा विशेष पूजा, सांस्कृतिक झाँकी प्रदर्शन, परम्परागत गीत, नृत्यहरू (दोहोरी, नृत्य, डम्फू सेलो, मानेदोरा तथा म्हेन्दोमाया) साथमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चर्चित अतिथि कलाकारहरूको प्रस्तुति रहने आयोजकले जनाएको छ ।

यसैगरी तीन दिनसम्म तामाङ समुदायको विशेष खानाको परिकार, तामाङ भेषभूषा, तामाङ जातिसँग सम्बन्धित पुस्तक तथा अन्य जातीय पहिचान झल्किने परम्परागत वस्तुहरूलाई विभिन्न स्टलहरूमा बिक्री तथा प्रदर्शनी गरिनेछ ।

# मञ्जुश्री पात्रो सार्वजनिक

**काठमाडौं (प्रस)**– ल्होछारको अवसर पारी तामाङ घेदुङले मञ्जुश्री सम्वत् २८६० को भित्तेपात्रो (डेङचि) सार्वजनिक गरेको छ । नेपाल तामाङ घेदुङको प्रकाशन र अन्तर्राष्ट्रिय तामाङ परिषद्को समन्वयमा प्रकाशित भित्तेपात्रो बुधबार सार्वजनिक गरिएको हो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय तामाङ परिषद्का संस्थापक एवं नेकपा माओवादी केन्द्रका नेता परशुराम तामाङ, भाषा आयोग सदस्य अमृत योञ्जन तामाङ, खेन्पो सोनाम ग्युर्मे, डा कुन्साङ योञ्जन, घेदुङका पूर्वअध्यक्ष धनप्रसाद तामाङ, तामाङ परिषद्का महासचिव टासी लामालगायत कार्यक्रममा सहभागी थिए ।

क्यालेन्डरमा तामाङ समुदायको चाडपर्वलगायत विषय समेटिएको छ । यद्यपि पात्रो व्यवहारिक नभएको अधिवक्ता कुन्साङ योञ्जन, भाषाविद् अमृत योञ्जनलगायतले बताएका थिए । मञ्जुश्री पात्रोबारे सही रहेको र तिथि अनुसार दिवसहरू राखिएको खेन्पो सोनाम ग्युर्मेले दाबी गरे ।

कार्यक्रममा परिषद्का संस्थापक परशुराम तामाङले बागमती प्रदेशका तामाङहरू आर्थिक सुचाकंकमा निकै पछि देखिएको बताए । यसका लागि तामाङ अधिकारवादीहरू जागरुक हुनुपर्ने उनले बताए ।

परिषद्का महासचिव टासी लामाका अनुसार परिषद्ले ९ वटा विज्ञहरूको समिति बनाउने तयारी गरेको जनाए । अहिले परिषद् आन्तरिक तयारीमा लागेको भन्दै महासचिव लामाले ९ वटा मध्ये पाँच वटा विज्ञ समितिको भेला नेपाल र भारतमा हुनेछ ।

त्यसैगरी तामाङ स्वविकास विज्ञ भेला, तामाङ कोष निर्माण भेला अमेरिकामा, क्षमता अभिवृद्धि तथा तालिम भेला जापानमा र प्रवास समितिको भेला यूएईमा गरिने लामाले बताए ।

बागमती प्रदेश सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पुष्प विकास केन्द्र, गोदावरी, ललितपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२५)

यस केन्द्रमा तपशिल वमोजिमका खरिद तथा निर्माण कार्यहरू गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त दरभाउपत्र दाताहरूबाट तोकिएको म्यादभित्र सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत विवरण यस केन्द्रको सूचनापाटी वा वेवसाइट https://fdc.bagamati.gov.np/ मा हेर्न सकिनेछ ।

| क्र.सं. | दरभाउ पत्र नं. | कामको विवरण | अनुमानित लागत रु. (मु.अ. करसहित) | धरौटी/बैंक ग्यारेन्टी रकम रु. |
|---|---|---|---|---|
| १. | FDC-SQ-Goods-01/2080-81 | Procurement of Four Wheeler Mini-Tractor | १५०००००.००/- | ४०,०००/- |
| २. | FDC-SQ-Works-01/2080-81 | Staff Quarter Construction | १९३०९६८.२४/- | ५०,०००/- |
| ३. | FDC-SQ-Works-02/2080-81 | Supply and Installation of New 3-Phase Line and Transformer in Lab Building | १७६००१६.८१/- | ४६,०००/- |
| ४. | FDC-SQ-Works-03/2080-81 | Pond Repair Work | १४४४४४३.३५/- | ३७,०००/- |


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ARCH HOTEL W L L

पुर्व स्वीकृति मिति २०८०/१०/२३ LT. No. 299525 चलानी नं ६०२१४४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 2 | 1 | 160 | ५६,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 5 | 100 | ३५,१६० | | | | | | | |
| 3 | Kitchen Staff/stewarding | 8 | 5 | 150 | ५२,७४० | | | | | | | |
| 4 | Receptionist | 1 | 2 | 150 | ५२,७४० | | | | | | | |
| 5 | Room Attendant | 7 | 7 | 140 | ४९,२२५ | | | | | | | |
| 6 | Waiter & Waitress | 8 | 7 | 150 | ५२,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAS FACTORY FORPLASTIC INDUSTRIES

पुर्व स्वीकृति मिति २०८०/०९/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. No. 297774 चलानी नं. ६०२१२७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanical Maintenance Technician | 4 | 0 | 1500 | ५३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED AWADAH BIN MOHAMMED AL ZUBAIDI INDUSTRIAL FACTORY

पुर्व स्वीकृति मिति २०८०/१०/२४ LT. No. 299219 चलानी नं. ६०२१४४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exhibition Curator | 1 | 0 | 2200 | ७७,७७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 3 | Tin Blacksmith | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 4 | Worker | 2 | 0 | 1000 | ३५,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGIONS WATER PROOFING & CONTRACTING L.L C

पुर्व स्वीकृति मिति : २०८०/२/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT No.286603 चलानी नं : ६०२०२०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 20 | 0 | 800 | २८,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 61 | 0 | 1100 | ३९,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः रूपन्देही, तिलोत्तमा ट्रेड सेन्टर, तिलोत्तमामा मितिः २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ४ गते (16th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


## KAWASOTI MUNICIPALITY

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

**First Date of Publication: 2080/10/25**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 15/KM/NBC/080/81 | Ward no 2 and 3 ko Bibhinna sthaan ko Bato Staronnati | 32,68,301.58 | 2080/11/27, BS) Upto 12Hr | 120 days | 1,05,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सम्पत्तिमा पारदर्शिता कहिलेबाट ?

अकुत सम्पत्ति कमाउने जालो नेपालमा विद्यमान छ। कर छली, सुन तस्करी, भ्रष्टाचार, हुन्डी कारोबारका कारण विश्वमाझ नेपालको छाप राम्रो छैन। नीतिगत भ्रष्टाचारको जालो अझ फैलिएको छ।

कालो धनलाई सीधै सेतो बनाउन अनेकन शैलीको हत्कण्ड अपनाइन्छ। आतंककारीहरूको सम्पत्ति लगानीमा उस्तै गोलमाल छ। अवैध र स्रोत नखुलेका सम्पत्तिका कारण राज्यको अर्थतन्त्र डामाडोल हुनेगर्छ।

विकसित देशहरूमा कुनै पनि महँगा सामान किन्दा उसको सम्पत्तिको स्रोत खोजिने गर्छ। भवन, गाडी खरिद गर्दा किस्तामामात्र लिन पाउँछ। यसले 'इकोनोमिक हेल्थ'लाई चुस्त बनाउन मद्दत गर्छ। राज्यको निगरानीमा व्यवसाय चल्दा बजेटको आकार थाहा हुन्छ र देशको आगामी विकासको खाका तयार पार्न सहज हुन्छ।

तर नेपालमा भने महँगा जग्गा किन्न होस् या करोडको गाडी। एकैचोटी पैसा खन्याए पुग्छ। खन्याएको पैसाको स्रोत खोजिँदैन। कमिसनखोर र भ्रष्टाचारीले कालो धनलाई सेतो बनाउन सवारी साधनदेखि जग्गाभवन किन्छन्। किस्तामा किन्नेहरूका लागि निकै ठूलो पापड बेल्नुपर्छ। जसका कारण नेपालको अर्थतन्त्र स्वस्थ हुन सकेको छैन।

यही कारण देखाउँदै नेपाललाई विगत १० वर्षअघिबाटै अन्तर्राष्ट्रिय निकायले झक्झकाएको थियो। सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले सचेत पार्दा पनि नेपालले भने कान थुनेको थुन्यै गऱ्यो। कानुन नबनाए नेपाललाई 'ग्रे लिस्ट'मा राख्ने चेतावनी दिएपछि भने सरकार अनुनय विनय गर्दै एफएटीएफ धाइरह्यो। सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन नबन्दा एफएटीएफलाई धक्का पुग्ने हैन, नेपाललाई नै हो। पछिल्लो समय वैदेशिक लगानी नआउनु एउटा धक्का हो नेपाललाई। अर्को कारण हो नेपाल भ्रष्टाचारको सूचीमा अन्तिमतिरै हुनु।

यसैले बल्ल सांसद, मन्त्री र सरकार सम्पत्ति शुद्धीकरण ऐन बनाउन तातेको छ। चौतर्फी आलोचनापछि कानुनमन्त्री धनराज गुरुङ आफै अघि सरेर यो विधेयक पार लाग्ने गरी अघि बढेको हो। तर कानुन बनेरमात्र हुँदैन, यसको कार्यान्वयन प्रमुख पाटो हो।

तीनतीन तहको सरकार बनाएको राज्यले हरेक १० वर्षमा ठूलो बजेट लगाएर जनगणना गर्छ। तर पनि आफ्नो नागरिकको सही तथ्याङ्क राज्यसँग छैन। त्यसैले राज्यले कहिले परिचयपत्र त कहिले लाइसेन्सको नाममा जनताबाट लुट्न छाडेको छैन। भ्रष्टाचारसम्बन्धी कडा कानुन भए पनि भ्रष्टाचारीलाई कारबाही गरेका घटना विरलै देखिन्छ। ठूला दलका शीर्ष नेताहरूको सेटिङका कारण राज्य व्यवस्था सही ढंगले चल्न सकेको छैन। यी सबै व्यवस्था ठीकसँग चल्न सम्पत्तिमा पारदर्शिता पहिलो आवश्यकता हो। यसका लागि राज्यले कठोर नीति लिनुका साथै कार्यान्वयमा पनि कठोरता अपनाउनु जरुरी भइसक्यो।

## मनन्योग्य

### चाणक्य नीति

उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए। यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे। त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो। शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे। जनतामा मनमानी ढंगले करको बोझ थपियो। प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो। यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ। यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ। त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ। अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो। लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो। आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए। पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो। शकटारसँग भने- तात। कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैं गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ। तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ।' यति भनी शकटार दरवारतिर हिंडे।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्मित गरेजस्तै। क्रमशः

# टोखाको चाकु 'ब्राण्डिङ' अभियान



पदम श्रेष्ठ

चाकु विशेषगरी काठमाडौं उपत्यकामा माघे संक्रान्ति र योमरी पूर्णिमाको बेलामा मात्र खाइन्छ भन्ने भ्रम पाइन्छ तर नेवार समाजमा जन्मदेखि मृत्युपर्यन्त प्रत्येक कर्मकाण्ड संस्कारमा चाकु अनिवार्य चाहिन्छ भन्ने कुरालाई थोरैले मात्र ध्यान दिइरहेका हुन्छन्।

टोखा चाकु 'ब्राण्डिङ'का अभियन्ता उद्यमी कृष्णबहादुर श्रेष्ठ भन्छन्- चाकु नेवार जीवनको हरेक अवसरमा नभई नहुने परिकार हो। नेवार समाजमा सन्तान जन्मिए माइतीपक्षले मासु चिउराको परिकार ज्वानोकासाथ चाकु अनिवार्य लानुपर्ने परम्परा छ भने मानिसको मृत्यु भई सद्गत सिध्याएर घर फर्किंदा मलामीहरूलाई चिपँ थिकेगु भन्दै चिउरा, नुन, रक्सीका साथ चाकु खुवाइन्छ।

विवाहमा कुरा छिनेर लाखा रोटी लाँदा सगुनस्वरूप चाकु पनि लैजाने चलन छ। चाकु स्वस्थानी व्रत कथादेखि सत्यनारायणको पूजामा पनि शुद्ध खान्कीको रूपमा अनिवार्य मानिन्छ। यसका अलावा चाकु हाइकिङ, ट्रेकिङ जाँदा पनि खाएर हिँड्दा लेक लाग्दैन भन्ने मान्यता छ।

यति धेरै महत्त्व बोकेको चाकु उत्पादन क्रम झण्डै टोखाबाट विस्थापित भइसकेको थियो, एक समय। चाकुको केन्द्र टोखा भनिएता पनि उखु उत्पादन हुन छाड्दै जानु, कामदारको अभाव, चाकुमा लाग्ने खर्च उठाउन नसक्ने स्थितिमा व्यवसायीहरू पुगेपछि झण्डै बन्द अवस्थामा पुगिसकेको थियो। सो स्थितिलाई ध्यानमा राखी स्थानीय कृष्णबहादुरसहितले संगठित रूपमा नै चाकु उत्पादन थाले।

आफ्नै अध्यक्षतामा गठित टोखामा सञ्चालित चाकु उत्पादन केन्द्रका लागि आवश्यक उखुको रसबाट बनेको सख्खर कहाँबाट ल्याउने भन्ने भयो। टोखामा उखु उत्पादन हुन छोडिसकेकोले आवश्यक सख्खर सुरुमा कालिमाटी, असनबाट ल्याएर बनाइन्थ्यो चाकु। तर पछि झण्डै बन्द भइसकेको चाकु उत्पादनलाई बजारको अध्ययन गर्दा थुप्रै माग भएपछि संगठित रूपमा उद्योग स्थापना थालियो। हाल टोखामा संगठित चाकु उत्पादकहरूमा कृष्ण चाकु प्रोडक्सन, काशीलाल चाकु प्रोडक्सन, टोखा चाकु प्रोडक्सन, टोखा चाकु उद्योग, फोर.एस.चाकु उद्योग, बाबुराजा चाकु प्रोडक्सन, अमर चाकु उद्योग, न्हुछे चाकु तथा तितौरा, गंगा चाकु प्रोडक्ट, सरोज टोखा चाकु लक्ष्मीपुर, टोखा भाइलाल चाकु केन्द्र, टोखा चाकु खाद उद्योगले मिलेर अन्तर्राष्ट्रिय ब्राण्ड पनि उत्पादन गर्न थालेको बताउँछन् कृष्णबहादुर। यसका लागि आवश्यक सख्खर कपिलवस्तुको धुनिबेसी, नवलपरासीको कृष्णनगरबाट ल्याउन थालेपछि टोखामा चाकुले पुनर्जागृत हुन पाएको छ।

### विश्वकै छुट्टै मिठाइ चाकु

टोखामा कात्तिक महिनादेखि चाकु उत्पादन थालिन्छ। अन्य परिकारहरू पुष्टकारी, गुँदपाक, तिलौरी, लत्तेपा आदिका परिकार नेपालमा नै प्रयोग हुने र कतिपय चाकुका परिकार भारत, अमेरिका, अस्ट्रेलिया, दक्षिण कोरिया, जापानसम्म पुग्ने गरेको बताउँछन् चाकु प्रवर्द्धक कृष्णबहादुर। भनिन्छ, जंगबहादुर राणा बेलायत जाँदा नेपाली उत्पादन उपहार चाकुका परिकार लगिएको थियो। राणाकालदेखि नै देश विदेशसम्म उपहारको रूपमा लैजाने चाकुको परिकारको उत्पादन कम तर माग बढी भएपछि टोखाबाहिरबाट ल्याइएको उखुको सख्खर व्यापकरूपमा भित्रिन थाल्यो भने सजिलोका रूपमा सस्तो उखुको खुदो तराईबाट भित्रिन थालेपछि टोखा क्षेत्रमा नै उत्पादन हुने निगालो जातको मसिनो उखुको उत्पादन ठप्प प्रायः हुन पुगेको अवस्था थियो।

### टोखाको चाकु पहिचान जोगाउने प्रयास

परम्परागत निगालो जातको मसिनोखाले उखुको लाक्रा टोखाको मुख्य पहिचानमुखी उखु मानिन्छ। टोखाको उखुलाई पहिचान दिनुपर्दा हातको बूढी औंलाजस्तो उखुको लाक्रा हुने गरेको बताइन्छ। वि.सं. २०१६ सालसम्म यहीँको उखुले चाकु बनाएर टोखाको प्राचीन उखुको अस्तित्वलाई संरक्षण गर्दै आइरहेका थिए, यहाँका पुर्खाले। तर टोखाको चाकुले अस्तित्व नै ओरालो लाग्दै जान थालेको अनुभूति भएपछि कृष्णबहादुरको नेतृत्वमा २०३६ सालमा बनेको समिति र केही स्थानीय युवाहरूले पनि पुरानै उखुको बेर्नालाई जगाउने अभियान थालेका हुन्।

हाल १३ वटा चाकु उत्पादन केन्द्रमार्फत टोखाको चाकुको इतिहासलाई बचाउँदै आइरहेको भए पनि स्थानीय उखुको नश्लको अस्तित्व नाश हुने खतरा बढेपछि मौलिक उखुको नश्ल बचाउने अभियान थालिएको छ। भनिन्छ, पुराना बूढापाकामार्फत उखुको निगालो नश्लको उखुको बेर्ना संकलन गरी आफ्नै जग्गामा सार्न थालिएको छ। त्यो उखुबाट खुदो निकालेर नमूना चाकु उत्पादन गर्ने आफ्नो लक्ष्य रहेको कृष्णबहादुर स्पष्ट पार्छन्। पुरानो प्रविधिबाट उत्पादन हुने चाकु स्तरीय र अर्गानिक हुनेसमेत विश्वास गर्न सकिन्छ।

२०६२ कात्तिक २२ गते कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता गरी गुणस्तर नापजाँच कार्यालयबाट समेत प्रमाणपत्र लिई टोखा चाकु ब्राण्ड बनाउँदा थुप्रै कानुनी तथा सरकारी झमेलाहरू पार गर्नु परेको अनुभव सुनाउँछन् कृष्णबहादुर। रजिस्ट्रारको कार्यालयमा दर्ता गरिएको चार वर्षपछि टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारीको पहलमा २९ इञ्चको उखु पकाउने डेक्ची, प्याकिङ गर्ने मेसिन र चाकु पकाउन दाउरा दिएर परम्परागत चाकु उत्पादनमा सहयोग थालनी भएपछि भने चाकु उत्पादक उद्यमीहरूमा केही आशा पलाएको बताइन्छ। त्यसपछि चाकु उत्पादक उद्यमीहरूको बारेमा लेखिएको स्मारिका प्रकाशनलाई एक लाख ५० हजार रूपैयाँ सहयोग भयो भने चाकु उत्पादनका लागि स्तरीय उखु पाउने ठाउँ कपिलवस्तुको कृष्णनगर र गुल्मीको छत्रवास गाउँपालिका भ्रमणका लागि २०८० मंसिर १४ गते दुई लाख ५० हजार रूपैयाँ सहयोग रकम उपलब्ध गराएर उखु किसान र उद्यमीको कार्यमा ऐक्यबद्धता जनाएपछि नयाँ-नयाँ चाकुका परिकारहरू उत्पादन हुन थालिएको छ।

### चाकु नेवार जीवनको अभिन्न संस्कृति

टोखाया चाकु, मचा बुल हाकु योमरी माकु अर्थात् 'टोखाको चाकु बच्चा जन्मियो काले योमरी स्वादिलो' बोलको गीत ख्याली जुजु मदनकृष्ण श्रेष्ठले गाएजस्तै नेवार जीवनका हरेक पक्षमा चाकु अनिवार्य मानिन्छ।

*योमरी चाकु उकि दुने हाकु*
*व्युम्ह ल्यासे मव्युम्ह बूढीकुटी*

तिहारमा देउसीभैलो खेलेजस्तै चाकु तिलले तरिकासँग बनाएर मःमः बफाएर पकाएजस्तै पकाएर खाने, खुवाउनेदेखि प्रत्येक वर्ष माघे संक्रान्तिका दिन घिउ चाकु खाइन्छ। चाकुको परिकार खानाले शरीरमा ताप बढेर चिसो लाग्नबाट बचाउँछ भन्ने मान्यताअनुसार देशमा सर्वाधिक जाडो महिनामा पर्ने पुस-माघ महिनामा पर्ने माघे संक्रान्ति र योमरी पूर्णिमाकै बेला चाकुको परिकार खाने खुवाउने परम्परा रहेको हो।

### चाकु एक, परिकार अनेक

मूलतः चाकु उत्पादनको कच्चापदार्थ उखु एक भए पनि चाकु बनाउने पहिलो सामग्री उखु पेलेर पकाएर बनाउने सख्खर नै हो। त्यही सख्खर विभिन्न तरिकाले छानेर छुट्ट्याएर राम्रो पहेँलो असल सख्खरबाट चाकु बनाइन्छ। त्यही चाकुबाट विभिन्न पाक मिलाएर गुँदपाक, पुस्टकारी, तितौरी, सुत्केरी औषधि फाकु वासः आदि बनाइन्छ। तराईमा सख्खरको प्रयोग गरी गोलफुकीबाट लाई, तीलको लड्डु, मुराई लड्डु आदि बनाइन्छ। त्यही चाकु वा सख्खरको छोकर प्रयोग गरी तमाखु खानदेखि पूजामा सर्वत बनाउनसम्म प्रयोग गरिन्छ।

चाकु र चाकुका परिकारहरू चिसोबाट बच्न खाइन्छ भने खीर बनाउँदा वा सातुसँग खाएमा चिनीको केमिक्लवाट पर्ने कुप्रभाव शरीरमा पर्दैन भन्ने मान्यता पनि रहेको छ। चकुबाट गुँदपाक, पुस्टकारी, सुत्केरीलाई खुवाउन बनाइने चाकु वासः, तितौरी, लत्तेपादेखि अनेक परिकार बनाइन्छ।

ट्रेकिङ, हाइकिङ यात्रामा चाकुको परिकार खाँदै हिँड्दा हाईअल्टिच्युड लाग्दैन भन्ने मान्यता पाइन्छ। त्यसैले जनैपूर्णिमाको बेला गोसाइँकुण्ड वा पाँचपोखरीको यात्रामा जानेहरूले लसुन, प्याज र चाकु लिएर जाने गर्दछन्। चाकु यतिसम्म ताप वृद्धि गर्ने हुन्छ कि जाडोमा चाकु खाएर नुहाउँदा चिसो लाग्दैन भन्ने मान्यता छ। चाकुमा भएको लेसाइलोपनको कारण प्राचीन दरबार बनाउँदा चाकु, मासको दाल, सुर्की मिसाएर इँटा जोड्ने मसला बनाइन्थ्यो भन्ने पनि छ।

### चाकु उत्पादनको हव

चाकुको तात्त्विक अर्थ गुलियो टुक्रा हुन्छ। नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यका वरिपरिका ऐतिहासिक बस्तीहरू फर्पिङको नास्पाती, खोकनाको तेल, भक्तपुरको जुजु धौ, मध्यपुर ठिमीको टिकनी बजी अर्थात् चिउरा, सिन्धुलीको जुनार, गोर्खाको सुन्तला, ककनीको ट्राउट माछा र स्ट्राबेरी, मलेखुको माछा भनिएझैं गुलियो टुक्रा अर्थात् चाकु उत्पादनको पहिचान बनाएको ऐतिहासिक बस्ती हो, टोखा।

नेपाल भाषामा टु भन्नाले उखु र ख्यो ले चउर भन्ने बुझिन्छ। उखु उत्पादन हुने विशाल फाँटलाई समास गर्दा टु ख्यो नै कालान्तरमा टोखा हुन गएको हो। काठमाडौंबाट १० किलोमिटर उत्तर शिफुचो ( शिवपुरी ८,९६२ फिट) को काखमा अवस्थित टोखा चाकु उत्पादन केन्द्र हो।

हाल १३ वटा चाकु उत्पादन केन्द्रमार्फत टोखाको चाकुको इतिहासलाई बचाउँदै आइरहेको भए पनि स्थानीय उखुको नश्लको अस्तित्व नाश हुने खतरा बढेपछि मौलिक उखुको नश्ल बचाउने अभियान थालिएको छ। भनिन्छ, पुराना बूढापाकामार्फत उखुको निगालो नश्लको उखुको बेर्ना संकलन गरी आफ्नै जग्गामा सार्न थालिएको छ। त्यो उखुबाट खुदो निकालेर नमूना चाकु उत्पादन गर्ने आफ्नो लक्ष्य रहेको कृष्णबहादुर स्पष्ट पार्छन्। पुरानो प्रविधिबाट उत्पादन हुने चाकु स्तरीय र अर्गानिक हुनेसमेत विश्वास गर्न सकिन्छ।



# रिले अनशनमा बिपीका विद्यार्थी

**धरान (प्रस)-** धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आन्दोलनका कारण पठनपाठन प्रभावित बनेपछि विद्यार्थीहरू अनशनमा बसेका छन्। पढ्न पाउने संवैधानिक अधिकार हनन् नगर्न र यथाशीघ्र पढाइ सुरु गर्न माग गर्दै विद्यार्थीहरू २४सै घण्टा रिले अनशनमा छन् ।

'विद्यार्थीको इच्छा, स्वायत्त मेडिकल शिक्षा' नारासहित जारी रिले अनशनमा बसेका विद्यार्थीहरूको पूर्ण क्षमतामा पठनपाठन र परीक्षाका गतिविधि चाँडै सञ्चालन गरिनुपर्ने एक सूत्रीय माग छ ।

मेडिकल शिक्षाजस्तो मानव स्वास्थ्यसँग जोडिने संवेदनशील विषयमा गम्भीर बन्न आग्रह गर्दै एक सातादेखि रिले अनशन जारी रहे पनि कतैबाट सुनुवाइ नभएको प्रतिष्ठानस्थित विद्यार्थी कल्याण समाजका अध्यक्ष डा. ओमशान्ति रजकले बताए । प्रतिष्ठानका शिक्षक, कर्मचारी र चिकित्सक विगत २५ दिनदेखि बढुवा माग गर्दै आन्दोलनमा उत्रिएपछि प्रतिष्ठानको स्वास्थ्य सेवा र शैक्षिक कार्यक्रम प्रभावित बनेको छ। आन्दोलनका कारण विद्यार्थीको पढाइ र परीक्षासमेत असर पर्ने भएपछि ध्यानाकर्षण गराउन रिले अनशन जारी राखिएको समाजका अध्यक्ष डा. रजकको भनाइ छ । उनी भन्छन्, 'पठनपाठन सुरु नभए हामी आमरण अनशन बस्न बाध्य हुनेछौं ।'



प्रतिष्ठानका शिक्षक, कर्मचारी र चिकित्सक लामो समयदेखि आफ्नो बढुवा नभएको भन्दै पटक-पटक आन्दोलनमा उत्रिएका छन् । गत कात्तिकमा पनि करिब एक महिना आन्दोलनका कारण प्रतिष्ठानको स्वास्थ्य र शैक्षिक गतिविधि प्रभावित बनेपछि कात्तिक २० गते धरानका राजनीतिक दलको रोहबरमा प्रतिष्ठान प्रशासन र आन्दोलनकारीबीच वार्ता भएको थियो ।

वार्तामा लोकसेवा आयोगसँग परामर्श लिएर पुस २ गतेदेखि बढुवाका लागि प्रक्रिया अगाडि बढाउने सहमति भएपछि आन्दोलन अन्त्य भएको थियो । तर सहमतिअनुसार प्रक्रिया अघि नबढेको भन्दै शिक्षक, कर्मचारी तथा चिकित्सक पुनः आन्दोलनमा उत्रिएका कारण पठनपाठन र स्वास्थ्य सेवामा प्रभाव परिरहेको छ। लोकसेवा आयोगले कानुनबमोजिम प्रतिष्ठानको नियमावली संशोधन गरेर मात्र नियुक्ति तथा बढुवा प्रक्रिया अघि बढाउन पटक-पटक निर्देशन दिएको छ तर प्रतिष्ठानकै ढिलासुस्तीका कारण नियमावली संशोधन हुनसकेको छैन ।

उच्च अदालत विराटनगरले समेत लोकसेवा आयोगको उपस्थितिबिना बढुवा प्रक्रिया अघि नबढाउन आदेश दिएको छ । आन्दोलनमा उत्रिएका शिक्षक, कर्मचारी भने तुरुन्तै बढुवा प्रक्रिया अघि बढाउन माग गरिरहेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालले यसअघि नै प्रतिष्ठानको समस्या समाधान गर्न प्रतिष्ठानका सहकुलपति तथा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई निर्देशन दिएका थिए । स्वास्थ्यमन्त्री बस्नेतले प्रतिष्ठानका कायममुकायम उपकुलपति प्रा.डा. प्रल्हाद कार्कीलाई सञ्चालक परिषद् (सिनेट) बैठक राखेर समस्या समाधान गर्न आग्रह गरेका थिए ।

कामु उपकुलपति कार्कीले कार्यकारिणी समिति (कास) बैठक राख्ने प्रयास गरे पनि आन्दोलनकारीले सुरुमै बढुवा प्रक्रियाको ग्यारेन्टी माग्दै आन्दोलन जारी राखेपछि समस्या समाधान हुन सकेको छैन ।

# पानी अभावले उपचार सेवा नै प्रभावित

**पर्वत-** पर्वतको एकमात्र सरकारी सुविधा सम्पन्न पर्वत अस्पतालमा दैनिक उपभोग गर्ने पानीको अभावले उपचार सेवा प्रभावित बनेको छ ।

नियमित स्रोतबाट आउने पानीले अस्पतालका बिरामीको उपचार, उपकरणलगायत अस्पतालको सरसफाइ र बिरामीका लागिसमेत अपुग भएपछि समस्या परेको हो । अस्पतालमा दैनिक ३० देखि ४५ हजार लिटरसम्म पानीको आवश्यकता पर्ने भए पनि दैनिक १५ देखि १८ हजार लिटरमात्र उपलब्ध हुँदै आएको छ। आवश्यकताभन्दा ५० प्रतिशत कम पानीले दैनिक उपचार सेवा प्रभावित हुने गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शंकर गिरीले जानकारी दिए ।

अध्यक्ष गिरीका अनुसार अस्पतालमा हेमोडायलाइसिस सेवा सुरु भएपछि खानेपानीको संकट गहिरिँदै गएको हो । दैनिकजसो सातवटा शयचामा मिर्गौलाका बिरामीको हेमोडायलायसिस हुँदै आएको छ । हेमोडायलायसिस गर्नमात्र झण्डै १० हजार लिटर पानी दैनिक खर्च गर्नुपर्ने भए पनि पानीको अभावले समस्या सिर्जना हुँदै आएको छ।

डायलायसिससँगै अन्तरंग, बहिरंग, दन्त उपचार सेवा, एक्सरे, सुत्केरी सेवा, शल्यक्रिया विभाग, बालबालिका विभागमा भर्ना भएका बिरामीको सरसफाइ तथा कार्यालय सहयोगी, स्वास्थ्यकर्मी र कर्मचारीको आवासलगायतका ठाउँमा दैनिक उपभोगका लागि पानीको अभाव देखिएको छ । पानी अभाव हुँदा निजी घरबाट सापट मागेरसमेत काम चलाउनुपर्ने बाध्यता रहेको अध्यक्ष गिरीले जानकारी दिए ।

सदरमुकाम कुश्माबजारमा खानेपानीको व्यवस्थापन गर्दै आएको शिवालय कुश्मा खानेपानी सरसफाइ उपभोक्ता समितिले समेत अहिले भइरहेको परिमाणभन्दा थप पानी उपलब्ध गराउन नसक्ने भएपछि स्रोतको खोजी गर्न थालिएको छ । शिवालय कुश्मा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, प्रमुख जिल्ला अधिकारी प्रेम आचार्य, अस्पताल व्यवस्थापन समितिलगायतको सहकार्यमा नयाँ स्रोतको खोजी भएको अध्यक्ष गिरीले जानकारी दिए ।

कुश्मा नगरपालिका वडा नं ४ स्थित कालीगण्डकी नदीको किनारमा रहेको गोपांगघाटको मूलबाट लिफि्टङ गरेर पानी ल्याउने गरी तयारी भइरहेको अस्पतालले जनाएको छ । केही दिन पहिला अस्पतालमा सञ्चालित हेमोडायलायसिस सेवाको शुभारम्भ गर्न आउनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अस्पतालमा खानेपानीको अभाव समाधान गर्न तत्काल पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

लगत्तै प्रदेशको सामाजिक सुरक्षा तथा स्वास्थ्य मन्त्रालयबाट ५० लाख रूपैयाँ विनियोजन भएपछि वैकल्पिक स्रोतबाट पानी ल्याएर समस्याको समाधान गर्न थालिएको अध्यक्ष गिरीले जानकारी दिए । उनका अनुसार प्रतिसेकेण्ड तीन लिटर पानी तान्नेगरी लिफि्टङ गरिने भएको छ । उक्त योजना तत्काल सुरु गर्ने र अबको दुई महिनाभित्र पानीको समस्या समाधान गरिने अस्पतालका अध्यक्ष गिरीले बताए ।

पन्ध्र शयचाको अस्पतालबाट ५० शयचामा स्तरोन्नति भइरहेको अस्पतालमा अहिले ६३ वटा शयचामा राखेर बिरामीको उपचार भइरहेको छ। पछिल्लो समय अस्पतालले शल्यक्रियामार्फत सुत्केरी गराउने सेवा, हर्निया, हाइड्रोसिल, एपेन्डिसाइटिसलगायत अन्य सामान्य प्रकृतिका शल्यक्रिया सेवासमेत सञ्चालन गरेको छ ।

अस्पतालमा उपचार सेवा थप भएसँगै खानेपानीको समस्यासमेत टड्कारो बनेका बेला प्रदेश सरकारले बजेट विनियोजन गरेपछि वैकल्पिक स्रोतबाट पानी ल्याउन लागिएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. हेमन्त बाँस्तोलाले जानकारी दिए । उनका अनुसार केही महिनापछि पानीको समस्या समाधान हुने र जतिसुकै संख्यामा बिरामी आए पनि सेवा प्रवाहमा सहज हुने बताए । *रासस*

# आमाको उमेर नपुग्दै जन्मिदै छन् सन्तान

**चितवन-** शिक्षित जिल्लाका रूपमा चिनिने चितवनमा उमेर नपुग्दै सन्तान जन्माउनेको संख्या निकै धेरै छ । कम उमेरमा बच्चा जन्माउँदा आमा र बच्चाको स्वास्थ्यमा नकारात्मक असर पर्छ भन्ने ज्ञानको कमीका कारण महिलाले कलिलो उमेरमै बच्चा जन्माएका हुन् । मुख्यगरी पहाडी क्षेत्रमा बसोबास गर्ने चेपाङलगायतका समुदायमा छिटो बच्चा जन्माउने गरेको पाइन्छ ।

स्वास्थ्य कार्यालयका अनुसार जिल्लाका विभिन्न अस्पतालमा आएर गएको छ महिनामा छ सय ४४ जनाले कम उमेरमा बच्चा जन्माएका छन् । उनीहरूमध्ये दक्ष प्रसूतिकर्मीबाट २१२ जनाले बच्चा जन्माएको कार्यालयकी जनस्वास्थ्य अधिकृत गीताञ्जली ढकालले जानकारी दिइन् । उनका अनुसार दक्ष स्वास्थ्यकर्मीबाट ४२३ र घरमा नौ जनाले बच्चा जन्माएका हुन् ।

ढकालका अनुसार चालु आर्थिक वर्षमा सात हजार ११९ आमाले बच्चा जन्माएको भए पनि ६४४ जनाले कम उमेरमा बच्चा जन्माएका हुन् । स्वास्थ्यको तालिका (प्रोटोकल) अनुसार आठपटक स्वास्थ्य परीक्षण गर्न आउने कम उमेरका गर्भवती आमाहरूमा ५२९ रहेको कार्यालयको तथ्यांकले देखाएको छ । पहिलो हप्तामा एक हजार १७६, १२ हप्तामा ८११ र २६ हप्तासम्म परीक्षण गर्ने ९३८ गर्भवती आमा स्वास्थ्य परीक्षणका लागि आएका जनाइएको छ ।

नेपालको कानुनले वैवाहिक उमेरका लागि केटीका लागि २० वर्ष पूरा हुनुपर्ने भनेको भए पनि सानो उमेरमा बच्चा जन्माउने क्रम भने नरोकिएको कार्यालयले जनाएको छ । ढकालका अनुसार ग्रामीण क्षेत्रमा चेतनाको अभावका कारण सानै उमेरमा विवाह हुने र आमा बन्ने क्रम रोकिएको छैन ।

समाजमा चेतना जगाउन सके सानो उमेरमा विवाह गर्ने र आमा बन्ने क्रम रोक्न सकिने उनले बताइन् । उनले भनिन्, 'विशेषगरी जिल्लाको पहाडी क्षेत्रमा सानै उमेरमा आमा बन्ने गरेका छन् ।' विपन्न र सीमान्तकृत समुदायमा यो समस्या रहेको उनले बताइन् । *रासस*

## दुल्लु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दुल्लु, दैलेख**
**कर्णाली प्रदेश नेपाल**

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति :- २०८०/१०/०१)*
*(दोस्रो पटक प्रकाशित मिति :- २०८०/१०/२३)*

यस नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अनुसार देहायमा उल्लेखित झोलुङ्गे पुलहरूको स्टिल पार्टस खरिद कार्य दरभाउ पत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनभित्र नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व.२०७९।०८० सम्मको कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनसाथ तल उल्लेखित दस्तुर (फिर्ता नहुनेगरी) तिरी इच्छुक दरभाउ पत्रदाताले भ्द्यष्ममष्लन क्थकतभ्ष बाट खरिद गर्न सकिने छ ।
२. इच्छुक दरभाउ पत्रदाताले १६ औं दिनको १२:०० बजेभित्र इलीष्लभ क्थकतभ्ष मा समिट गरी सक्नु पर्नेछ । समिट भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिने छन् । दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरू क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको वाणीज्य बैंक, दुल्लु दैलेखस्थित स्थानीय निकाय धरौटी खाता नं.४३४०१००३०३००००२ र राजश्व खाता नं.४३४०१००३०१०१०००२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा **७५ दिन म्याद** भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
४. **म्याद नाघी आएको**, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन ।
५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।
६. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

| ठेक्का नम्बर | कामको विवरण (स्टिलपार्टस खरिद) | लागत अनुमान (मु.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| Goods/SQ/20/ 2080/081 | गाईखुर खोला झोलुङ्गे पुल | १६०४७८३.६१ | ६००००।- | १०००।- | आ.व. २०८०।०८१ |
| Goods/SQ/21/ 2080/081 | टाकुरादेखि रतिखोला झोलुङ्गे पुल | १६६६४४६.५३। | ६००००।- | १०००।- | आ.व. २०८०।०८१ |

**प्रमुख प्रशासकीय अधिकृत**

**सुदूरपश्चिम प्रदेश सरकार**
## भौतिक पूर्वाधार विकास मन्त्रालय
**पथरैया मोहना सिंचाइ व्यवस्थापन कार्यालय**
**धनगढी, कैलाली**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।१०।२५

यस कार्यालयबाट मिति २०८०।०८।२० गते प्रकाशित सूचना अनुसार तपशिलका निर्माण व्यावसायिको बोलपत्र न्युनतम मुल्यांकित सारभुतमा प्रवाहग्राही भई स्विकृतिका लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वकृती सम्बन्धी ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. स | ठेक्का न. | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक रु (भ्याट वाहेक) |
|---|---|---|---|
| १ | PMIMO/NCB/ WORKS/01/2080-081 | Advanture/KM JV Dhangadhi 05 Kailali | १३४११३४५/९० |
| २ | PMIMO/NCB/ WORKS/02/2080-081 | Pawan Construction Dhangadhi 09 Kailali | १८२२९७६०/२० |

**कार्यालय प्रमुख**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ARABI ENERTECH KSC**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ | LT. No. 271558 | चलानी नं. ६०१९६१३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fitter | 60 | 0 | 130 | ५६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Labour | 40 | 0 | 100 | ४३,५१५ | | | | | | | |
| 3 | Rigger | 25 | 0 | 130 | ५६,५७५ | | | | | | | |
| 4 | Scaffolder | 25 | 0 | 130 | ५६,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE
Govt. License 147/056/057
**ROSE OVERSEAS PVT. LTD.**
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SAAED EMPLOYMENT SERVICES**
पूर्व स्वीकृति मिति: २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ | LT. No.291874 | चलानी नं. ६०२०७०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1000 | ३६०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BUILDING LABOURER | 2 | 0 | 800 | २८८४२ | | | | | | | |
| 3 | cleaner | 5 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 4 | Plasterer | 3 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 5 | PLUMBER | 1 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 6 | Tile Layer | 2 | 0 | 1000 | ३६०५२ | | | | | | | |

**कम्पनी : RAZA GENERAL MAINTENANCE**
पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ | LT. No. 277332 | चलानी नं. ६०१९२८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | steel febricator | 5 | 0 | 1100 | ४०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## ओमन/कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HOSPITALITY CONCEPT LLC**
पूर्व स्वीकृति मिति २०८०/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ | LT. No. 296742 | चलानी नं. ६०२११७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook general | 3 | 0 | 150 | ५२,०८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 150 | ५२,०८० | | | | | | | |
| 3 | Waiter | 4 | 0 | 150 | ५२,०८० | | | | | | | |

**कम्पनी : M J BURGER INTERNATIONAL RESTAURANT COMPANY**
पुर्व स्वीकृति मिति : २०८०/१०/२४ | LT. No. 299535 | चलानी नं.६०२१४४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 150 | ६५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, suprememover301@gmail.com,
Web: www.supremeoverseas.com.np

# प्रभाव दैनिक

रूपशाला


### 'ईश्वर'मा अनुको इन्ट्री

राजु गिरीको निर्देशन रहने फिल्म 'ईश्वर'मा अभिनेत्री अनु शाहको पनि अभिनय रहने भएको छ । निर्देशक राजु गिरीले फिल्मको छायांकन सुरू भएको दोस्रो दिन बुधवार मुख्य अभिनेत्रीको रूपमा शाह अनुबन्धित गरेका हुन् । शाह केही दिनमै फिल्म सेटमा ज्वाइन गर्ने निर्देशक गिरीले बताए । फिल्मको छायांकन मंगलबारदेखि कास्कीको हेम्जाकोटमा सुरू भएको हो । ३५ दिनको छायांकन सेड्युलसहित छायांकन सुरू भएको फिल्म कास्कीको विभिन्न क्षेत्रमा खिचिने छ । लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा रहेको फिल्ममा अनुको अलवा पृथ्वीराज प्रसाईं, सुनिल थापा, शिशिर वाङ्देल, बुद्धि तामाङ, रवीन्द्र झा, सविन बास्तोला, गीता अधिकारी, माओत्से गुरूङ लगायतको अभिनय रहने छ ।




बिहीबार २५, माघ २०८० (Thursday, February 8, 2024)


# बक्स अफिस फुटबल सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय चलचित्र पत्रकार संघले बक्स अफिस फुटबल एकेडेमीमा रिलिजको संघारमा रहेका नेपाली फिल्म, टेलिफिल्म, गीत, सङ्गीत तथा विभिन्न संघसंस्थालाई समेटिएर बक्स अफिस फिल्म तथ म्युजिक प्रमोसनअर्न्तगतका खेलहरू सम्पन्न भएका छन् ।

नियमित रूपमा बक्स अफिस फिल्म क्लव नेपालले आयोजना गरेको २०८० संस्करणबाट सम्पूर्ण आयोजनाको स्वामित्व राष्ट्रिय चलचित्र पत्रकार संघले लिएको हो भने व्यवस्थापनमा बक्स अफिस र सहकार्यमा ग्लोबल एक्ट्रेस फ्रेडेसन (विश्व कलाकार महासंघ) गरेको छ ।

कुल होममा शनिबार ५५ र अवे बुधबार ५५ खेल आयोजना हुने यस प्रतियोगिताना कुल ११० खेल सञ्चालन हुने जनाइएको छ ।

२०८० संस्करण अन्तरगतको पहिलो खेलमा फागुन २५ गते प्रर्दशनको तयारीमा रहेका नायिका रेखा थापाको निर्माण र वरिष्ठ निर्देशक ज्ञानेन्द्र देउजाले पछिल्लो पटक निर्देशन गरेको चलचित्र 'उपहार' र नवल खड्काको राष्ट्रवादी चलचित्र 'काँडेतार'को जर्सीमा घम्साघम्सी तीव्र नै भएको थियो ।

प्रतिस्पर्धात्मक खेलमा नवल खड्काको चलचित्र काँडेतार ४ र रेखा थापाको चलचित्र उपहारको टोलीले ३ गोलले आफ्नो प्रमोसन खेल सम्पन्न गरेको छन् । खेलमा रिलिज चलचित्र काँडेतारले स्पोनसर गरेको जर्सीमा, पदम दर्नाल, राधाकृष्ण कटुवाल, सुर्य खड्का, हरिचन्द्र फुँयाल, जीवन शाही, केदार खड्का, जोन राई, श्याम श्रेष्ठले उत्कृष्ट खेल प्रस्तुत गरेका थिए ।

त्यस्तै नायिका रेखा थापाको चलचित्र उपहारले सौजन्य गरेको उपहारबाट विश्वनाथ योन्जनको कप्तानीमा विकास पुजारी, गणेश श्रेष्ठ, शंकर खड्का, शिव चरन, सिजन कुँवर, लोकेन्द्र लिम्बू, नवराज तामाङ, रामशरण श्रेष्ठ, विष्णु बहादुर राईले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए। खेलको म्यान अफ म्याचको सम्पूर्ण रकम रु ७ हजार ५ सय रूपैयाँ दुलही टेलिचलचित्रको कलाकार तथा सुकुराम स्याङ्तान (च्याङवा) ले उपलब्ध गराएका थिए ।

प्रतियोगिताको उत्कृष्ट जेष्ठ खेलाडी गितकार तथा कलाकार विश्वनाथ योन्जनलाई प्रायोजक दुलही टिमले मैदानमा म्यान अफ द म्याचको पुरस्कार हस्तान्तरण गरेका थिए भने प्रायोजक दुलहीको निर्माण कम्पनी तथा कलाकारलाई पनि आयोजक राष्ट्रिय चलचित्र पत्रकार संघका अध्यक्ष आरके सुवेदी, वरिष्ठ कलाकार हरिचन्द्र फुँयाल, सङ्गीतकर्मी तथा व्यवसायी रविन गहतराज, इलाइटका संस्थापक श्याम श्रेष्ठले खादा लगाइ मायाको चिनोसहित सम्मान गरेका थिए ।

# अभिनय र गायनमा जमेकी इब्सल



'न्याउला चडिय हिउँचुली लागेका घाम झल्ल धेकियाको, न्याउला चडिय साईका भाग मैले पर्नु कर्म लेखियाको'
'न्याउला चडिय...'

नेपाली सांगीतिक क्षेत्रमा सानै उमेरमा जमेकी गायिका इब्सल सन्ज्यालको यो गीत सुदूरपश्चिम र कर्णाली क्षेत्रमा चर्चामा छ । गायनमा मात्रै नभई अभिनयमा पनि त्यत्तिकै दख्खल राख्ने उनी पछिल्लो समय प्रत्यक्ष दोहोरी गीत गाएर चर्चामा छन् । उनको 'फ्यान फलोइङ' पनि निकै राम्रो भइसकेको छ ।

बाल्यकालदेखि नै नृत्यमा औधी चाहना राख्ने उनले सुदूरपश्चिमको ठाडी भाका 'पापी बुढीगंगा' बाट कला क्षेत्रमा डेब्यु गरेकी थिइन् । 'गायनभन्दा पनि अभिनयमा मेरो रुचि थियो एकपटक गाएर हेरौं भन्ने लाग्यो', सन्ज्यालले भनिन्, 'गायनमा लागेपछि राम्रो प्रतिक्रिया आयो स्रोता, दर्शकले रुचाउनुभयो ।' उनको जन्म २०६१ सालमा बाजुरा जिल्लामा भए पनि त्यसपछिको बाल्यकाल कालिकोटको पचालझरना गाउँपालिकामा बित्यो ।

उनका लागि सामाजिक सञ्जाल टिकटक आफ्नो प्रतिभा देखाउने माध्यम बन्यो । जसले गर्दा सानै उमेरमा चर्चामा आइन् । यहाँको सांस्कृतिक पहिचानसहित देउडा गाएको भिडियो सामाजिक सञ्जाल टिकटकमा राख्न थालेपछि चर्चामा आएको उनी बताउँछिन् । 'सुरुआत्मा मैले झल्को लाली ओठको, बाटो खुल्यो मोटर खुल्यो जुम्ला कालिकोटको गीत गाएँ ।' उनले भनिन्, 'त्यो गीतले मलाई चर्चामा ल्यायो ।' त्यसपछि गायनमा र अभिनयमा माग हुन थालेको उनले बताए ।

पछिल्लो समय देउडा र लोक दोहोरी गीत गायनसँगसँगै अभिनयमा समेत लागेको उनको भनाइ छ । पछिल्लो समय उनी प्रत्यक्ष दोहोरी कार्यक्रममा युवापुस्तामाझ निकै लोकप्रिय बनेकी छिन् । उनले नेपालका ख्याती प्राप्त लोक दोहोरी गायकहरूसँग दोहोरी गीत गाइसकेकी छिन् ।

देउडा र लोक दोहोरी दुवैलाई सँगै अघि लैजान चाहेको सन्ज्यालले बताइन् । 'मैले प्रत्यक्ष दोहोरी त दुई सय बढी गाइसकेको छु', उनले भनिन्, 'अहिलेसम्म १५ वटा जति गीत रेकर्डिङ भइसकेका छन् ।' उनले देउडा गीतमार्फत आफ्नो ठाउँको कला, संस्कृति चिनाउने गरी कला क्षेत्रमा लागेको बताइन् । पछिल्लो समय उनका ऐसेलु, न्याउला चडिय, सुइना, मुटुको टुक्रा, मालु पात र झुपडीलगायतका गीतमा स्वर तथा अभिनय गरेकी छिन् । 'सुदूरपश्चिमका दर्जन बढी देउडा गीतमा अभिनय गरिसकेकी छु, प्रत्यक्ष दोहोरीमा दुई सय बढी गीत गाएको छु', सन्ज्यालले भनिन् ।

आफ्नो नृत्य र अभिनयप्रतिको रुचि र बुवाआमाको प्रेरणाले नै यो सांगीतिक क्षेत्रमा अघि बढिरहेको उनको भनाइ छ। पछिल्लो समय विभिन्न सांस्कृतिक कार्यक्रम र मेला महोत्सवमासमेत माग हुन थालेको उनले बताइन् ।

## रंगशाला

**नेपाल-क्यानडा एकदिवसिय सिरिज**

# सिरिजको पहिलो खेल आज




■ प्रभाव संवाददाता

**काठमाडौं –** क्यानडाविरुद्ध हुने तीन म्याचको एकदिवसीय क्रिकेट सिरिज आजदेखि सुरु हुँदैछ। आईसीसी मेन्स क्रिकेट वर्ल्ड कप (सीडब्लूसी) लिग टूको सुरुवात गर्नुअघि नेपालले क्यानडासँग सिरिजको आयोजना गरेको हो ।

नेपालले त्रिवि मैदान कीर्तिपुरमा क्यानडासँग एकदिवसीय तीन म्याचको सिरिज खेल्नेछ । सिरिज नेपालका लागि सीडब्लूसी लिग टूको तयारी समेत हुनेछ। क्यानडाविरुद्धको सिरिजका लागि नेपालले रोहित पौडेलको कप्तानीमा टिम घोषणा गरेको छ । क्यानडाविरुद्धको सिरिजमा रोहितको नेतृत्वमा आसिफ शेख, कुशल भुर्तेल, देव खनाल, कुशल मल्ल, भिम सार्की, आरिफ शेख, पवन सरार्फ, सोमपाल कामी, हेमन्त धामी, रिजन ढकाल, सुर्य तामाङ, ललित राजवंशी, आकाश चन्द र अनिल साह छन् ।

प्रतियोगिताको पूर्वसन्ध्यामा नेपाली टिमका प्रमुख प्रशिक्षक मोन्टी देशाईले क्यानडाविरुद्धको एकदिवसीय शृङ्खला रोमाञ्चक र प्रतिस्पर्धात्मक हुने विश्वास ब्यक्त गरेका छन् ।

शृङ्खलाअघि बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रमुख प्रशिक्षक देशाइले क्यानडाविरुद्धको शृङ्खलाका लागि प्रधानमन्त्री कप उपयोगी सिद्ध हुने विश्वास पनि ब्यक्त गरे । उनले यसपटक प्रधानमन्त्री कप फरक शैलीमा आयोजना हुनु महत्वपूर्ण पक्ष भएको बताए ।

'क्यानडाविरुद्धको शृङ्खलाका लागि खासै गतिलो तयारी गर्न पाइएन । भर्खरै सम्पन्न प्रधानमन्त्री कपले भने शृङ्खलामा सहयोग पुयाउने विश्वास छ। यो शृङ्खला निकै रोमाञ्चक र प्रतिस्पर्धात्मक हुनेछ,' उनले भनेका छन् ।

उनले नयाँ खेलाडीले पनि प्रतियोगितामा गतिलो प्रदर्शन गर्ने विश्वास व्यक्त गरेका छन् । 'टोलीमा नयाँ खेलाडी पनि छन् । उनीहरूले सिनियर टोलीमा आएर उत्कृष्ट प्रदर्शनको प्रयास गर्नेछन् । उनीहरूको प्रदर्शन हेर्न पनि पनि उत्साही छु,' उनले भनेका छन् ।

नेपालले घरेलु मैदानमा क्यानडासँग तीनवटा एकदिवसीय खेलको शृङ्खला खेल्ने कार्यक्रम छ । खेल कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा विहान ९:१५ बजे सुरु हुनेछ । शृङ्खलाको दोस्रो खेल शनिबार र तेस्रो खेल आगामी सोमबार खेलिने छ ।

पत्रकार सम्मेलनमा नेपाली टोलीका कप्तान रोहित पौडेलले पनि क्यानडाविरुद्धको एकदिवसीय शृङ्खलामा आफूहरूले उत्कृष्ट प्रदर्शन गर्ने दाबी गरेका थिए । साथै उनले अधिकांश खेलाडी प्रधानमन्त्री कपमा ब्यस्त रहेको र यू-१९ टोली भर्खरै विश्वकप खेलेर फर्किएकाले पनि विशेष प्रशिक्षणको अवसर नपाएको बताए । साथै उक्त अवसरमा नेपाली टिमका पूर्व र हाल क्यानडाका प्रशिक्षक रहेका पुबुदु दासानायके र कप्तान साद बिन जाफरले पनि नेपालविरुद्धको शृङ्खला निकै प्रतिस्पर्धात्मक हुने विश्वास व्यक्त गरे ।

# बिसिसी च्याम्पियन

**विराटनगर (प्रस)–** मोरङ जिल्लास्तरिय 'बी' डिभिजन क्रिकेट प्रतियोगिताको उपाधि विराटनगर क्रिकेट क्लव (बिसिसी) ले जितेको छ । विराटनगरको वैजनाथपुर क्रिकेट मैदानमा बुधबार भएको फाइनल खेलमा बिसिसीले झोराहाटको ग्रामथान क्रिकेट क्लवलाई सुपर ओभरमा हराएको हो ।

खेलको निर्धारित ओभरमा दुवै टोलीले बराबरी स्कोर गरेपछि खेल सुपर ओभरमा गएको थियो। टस जितेर ब्याटिङ गरेको बिसिसीले निर्धारित ३० ओभरमा सबै विकेट गुमाएर एक सय ३९ रन बनाएको थियो। बिसिसीका लागि अनिल यादवले ४१, धिरज कामतले २३, अमन गुप्ताले १२ र कृतिक कामतले ११ रनको योगदान गरे । ग्रामथानका बलर आर्यन बास्कोटाले तीन र निर्वेश लुइटेलले दुई विकेट लिए ।

ग्रामथानले पनि निर्धारित ओभरमा सबै विकेट गुमाएर एक सय ३९ रन नै बनायो । ग्रामथानका अनिल विश्वकर्माले २८, आर्यन बास्कोटाले अविजित २०, निर्वेश लुइटेलले १७ र विकाश कार्कीले १५ रन बनाएका थिए । बिसिसीका बलर रितेश झाले चार आर्यन शाहीले दुई विकेट लिए । रितेश म्यान अफ दी म्यान बने । कृतिक कामत, आशिष राजवंशी र अविशेक मण्डलले पनि एक-एक विकेट विकेट लिए ।

बिसिसीका राहुल चौधरी प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान बने । बिसिसीकै अविशेक मण्डल उत्कुष्ट बलर र बिसिसीकै कृतिक कामत म्यान अफ दि सिरिज घोषित भए । माघ १७ गतेदेखि सुरु भएको प्रतियोगितामा मोरङ जिल्लाका १६ वटा बी डिभिजन क्लवको सहभागिता रहेको जानकारी जिल्ला अध्यक्ष महमद साद बाबुले दिए । विजयी टोली र खेलाडीलाई पूर्वराष्ट्रिय खेलाडी नन्दकिशोर राठी, मोरङ जिल्ला क्रिकेट संघका अध्यक्ष महमद साद बाबुलगायतले पुरस्कार वितरण गरे ।

**मनमोहन स्मृति यू-१६ क्रिकेट**

# माघ २८ देखि पोखरामा




■ प्रभाव संवाददाता

**पोखरा –** मनमोहन स्मृति यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको तेस्रो संस्करण माघ २८ देखि फागुन ७ गतेसम्म पोखरा रंगशालामा आयोजना हुने भएको छ । प्रतियोगिता पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको स्मृतिमा आयोजना हुँदै आएको छ ।

मनहोहन मेमोरियल क्रिकेट सेन्टरको आयोजना तथा नेपाल क्रिकेट संघ (क्यान) को समन्वयमा प्रतियोगिता हुन लागेको हो । प्रतियोगिताको तेस्रो संस्करणमा सातवटै प्रदेशको एक-एक टोलीका अतिरिक्त आयोजकको एक टोलीले पनि सहभागिता जनाउने छ । प्रतियोगिता प्रतियोगिताका सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । प्रतियोगिताको समूह 'ए' मा कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका टोली तथा समूह 'बी' मा मधेस, लुम्बिनी, सुदूरपश्चिम प्रदेश र आयोजकको टोली रहेको जानकारी बुधबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा दिइयो ।

प्रतियोगिताको उद्घाटन खेल गण्डकी र कर्णाली प्रदेशबिच हुनेछ। २५ ओभरको उक्त प्रतियोगितामा कुल १५ वटा खेल खेलाइने छ। प्रत्येक टोलीमा १४ खेलाडी तथा एक प्रशिक्षक र एक व्यवस्थापक गरी कुल १६ जनाको सहभागिता रहने छ ।

खेलाडी, प्रशिक्षक र टिम व्यवस्थापकका लागि खेल पोसाक, आवास, खानपिन र यातायातको सुविधा आयोजकले नै उपलब्ध गराउने जानकारी पनि पत्रकार सम्मेलनमा दिइयो । माघ २६ गतेभित्र सबै टोलीका खेलाडीको छनोट भइसक्ने आयोजकले जनाएको छ । खेलाडी छनोटका लागि मनमोहन मेमोरियल क्रिकेट सेन्टरले प्रत्येक प्रादेशिक क्रिकेट संघलाई सहयोग स्वरूप ५० हजार रूपैयाँ उपलब्ध गराएको जानकारी आयोजक संस्थाका अध्यक्ष ठाकुर गैरेले दिए । उनले देशमा उमेर समूहका प्रतियोगिताको अभाव रहेकाले यू-१६ प्रतियोगिता आयोजना गरिएको बताए ।

यो प्रतियोगिता क्यानको वार्षीक क्यालेन्डरमा परेकोमा उनले खुसी पनि व्यक्त गरे । उनले शैक्षिक क्यालेन्डरलाई ध्यानमा राखी यसपटक प्रतियोगिता माघ-फागुनमा आयोजना गर्न लागिएको जानकारी पनि दिए । नेपाल क्रिकेट संघका सदस्य सुदिप शर्माले छनोट चरणको प्रतियोगिताका लागि क्यानले पनि प्रादेशिक क्रिकेट संघहरूलाई एक-एक लाख रूपैयाँ उपलब्ध गराएको जानकारी दिए । यू-१९ राष्ट्रिय क्रिकेट टोलीका प्रमुख प्रशिक्षक जगत टमटाले यो प्रतियोगिताको सुरुआतदेखि नै आफूमाथि जोडिएको स्मरण गर्दै अहिले देशमा बढीभन्दा बढी उमेर समूहका प्रतियोगिता आवश्यक रहेको बताए ।

प्रतियोगिता सम्पन्न गर्न ४० देखि ४५ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको जानकारी पनि पत्रकार सम्मेलनमा दिइयो । प्रतियोगितालाई सफल पार्न राष्ट्रिय खेलकुद परिषद्, काठमाडौं महानगरपालिका, पोखरा महानगरपालिका लगायतले आर्थिक सहयोगको प्रतिबद्धता गरेको पनि आयोजकले जनाएको छ । प्रतियोगिताको विजेता टोलीले एक लाख रूपैयाँ नगद पुरस्कारसँगै ट्रफी, मेडल, खेल सामाग्री र प्रमाणपत्र पाउने छ । दोस्रो हुने टोलीले ५० हजार रूपैयाँ नगदसहित ट्रफी, मेडल, खेल सामाग्री र प्रमाणपत्र पाउने छ ।

# पाकिस्तानमा चुनावको पूर्वसन्ध्यामा विष्फोट, १२ जनाको मृत्यु



**क्वेटा (पाकिस्तान)**- दक्षिण पश्चिमी पाकिस्तानमा एक चुनावी उम्मेदवारको कार्यालयबाहिर बुधबार भएको विष्फोटमा परी १२ जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएका छन् । क्वेटा सहरबाट करिब ५० किलोमिटर टाढा र अफगानिस्तानसँगको सीमाबाट करिब १०० किलोमिटर टाढा रहेको पिशिन जिल्लामा एक स्वतन्त्र उम्मेदवारको कार्यालय नजिकै आक्रमण भएको थियो ।

क्वेटाका एक प्रहरी अधिकारीले नाम नबताउने सर्तमा एएफपीसँग भने, '१२ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।'

'प्रारम्भिक अनुसन्धानले मोटरसाइकलमा राखिएको विष्फोटक पदार्थ विष्फोट भएको देखिएको छ,' उनले भने ।

प्रान्तका कार्यवाहक सूचनामन्त्री जान अचकजईले मृतकको संख्या पुष्टि गर्दै भने, 'यो विष्फोटमा १२ जनाको मृत्यु भएको छ र २५ भन्दा बढी घाइते भएका छन् ।'

निर्वाचनका लागि ५० लाखभन्दा बढी सुरक्षाकर्मी बुधबारदेखि तैनाथ हुन थालेका छन् भने ९० हजारभन्दा बढी मतदान केन्द्रमा मतपत्र वितरण गरिएको छ । सन् २०१८ को चुनावपछि स्थापित बहुमतको सरकारका प्रधानमन्त्री इमरान खानलाई चार वर्षपछि अविश्वासको प्रस्तावमार्फत सत्ताबाट पदच्युत गरिएको थियो । पाकिस्तानी प्रधानमन्त्रीबाट हटाइएका र हाल जेलमा रहेका पूर्वप्रधानमन्त्री खानको पार्टी तथा नेताहरूलाई विभिन्न अभियोग लगाउँदै निर्वाचनमा सहभागी हुनबाट रोक लगाइएको छ ।

बिहीबारको मतदानको दौडान धेरै सुरक्षा घटनाहरू पनि भएका छन्, जसमा कम्तीमा दुई उम्मेदवारहरूको गोली हानी हत्या भएको छ र दर्जनौंलाई देशभरि आक्रमणहरूमा निशाना बनाइएको छ ।

स्थानीय समयअनुसार आज बिहीबार बिहान ८:०० बजे मतदान सुरु भई साँझ ५:०० बजे मतदान सम्पन्न हुने छ । लाहोरमा, निर्वाचन अधिकारीहरूको एक समूहले प्रहरीको साथमा मतदान सामग्रीहरूको बोराहरू केन्द्रीय वितरण केन्द्रबाट उनीहरूको मतदान केन्द्रहरूमा लैजानका लागि संकलन गरेको देखिएको थियो ।

'निर्वाचन आयोगले आफ्नो एप स्थापना गरेको छ र अन्य निर्वाचनलाई व्यवस्थित गर्न उपायहरू अपनाएको छ,' मतदान सामग्री संकलन गर्ने इलेक्ट्रोनिक जाँचलाई संकेत गर्दै मोहम्मद बकिरले भने, 'काम सहज रूपमा भइरहेको छ ।'

करिब २४ करोड जनसंख्या भएको विश्वको पाँचौं ठूलो देशमा करिब १२ करोड ८० लाख मतदाताले मतदान गर्न पाउने छन् । राष्ट्रिय र चारवटा प्रान्तीय सभाका लागि करिब १८ हजार उम्मेदवार चुनावी मैदानमा छन्, जसमा २६६ सिटमा प्रत्यक्ष प्रतिस्पर्धा भएको छ । यसमध्ये महिला र अल्पसंख्यकका लागि थप ७० र क्षेत्रीय संसद्मा ७४९ स्थानका लागि प्रतिस्पर्धा भइरहेको छ ।

सिन्ध प्रान्तका प्रहरी प्रमुख रफत मुख्तारले बुधबार कराँचीमा आयोजित पत्रकार सम्मेलनमा भने, 'हामीले हरेक तहमा सुरक्षा व्यवस्था सुनिश्चित गर्नुपर्छ ।' *रासस/एएफपी*

### जलवायु परिवर्तनको प्रभाव

## दुई करोड अफगानी स्वच्छ पानीको पहुँचबाट वञ्चित

**काबुल**-जलवायु परिवर्तन तथा वर्षौंको खडेरीले दुई करोड दश लाख अफगानीहरू पिउने पानीको पहुँचबाट वञ्चित भएको राष्ट्रिय वातावरण कार्यक्रम निकाय (एनइपिए) का उपप्रमुख अब्दुल सलाम हक्कानीले बताएका छन् ।

अफगानीस्तानको आधा जनसंख्यालाई शुद्ध पिउने पानीको पहुँच नभएको स्थानीय टेलिभिजन च्यानल टोलो न्युजले हक्कानीलाई उद्धृत गर्दै बुधबार जनाएको छ । हक्कानीले जलवायु परिवर्तनका कारण युद्धग्रस्त अफगानिस्तानको तीन प्रतिशत जंगललाई नष्ट गरेकाले नियमित वर्षामा ३७ प्रतिशतले कमी आएको उल्लेख गरेका छन् ।

अफगानिस्तानले वर्षौंदेखि खडेरीको सामना गरिरहेको छ । परिणामस्वरूप राजधानी काबुललगायतका स्थानमा भूमिगत पानीको मन्दी आएको छ । यसैबीच सहरका करिब ६० लाख मानिसहरू चरम पानीको अभावको सामना गरिरहेका छन् ।

एनइपिएका जलवायु परिवर्तन विभागका प्रमुख रोहुल्लाह अमिनले जलवायु परिवर्तनबाट उत्पन्न समस्याहरूको सामना गर्न अनुमानित दुई अर्ब अमेरिकी डलर चाहिने बताएका छन् । *रासस/सिन्हवा*

## पहिरोमा पुरिएका पाँच जनाको मृत्यु

**मनिला (फिलिपिन्स)**- फिलिपिन्सको दक्षिणी क्षेत्रमा पर्ने दाभाओ दि ओरो प्रान्तको एक खानीमा मंगलबार गएको पहिरोमा परी पुरिएका ८६ जनामध्ये उद्धारकर्मीले ४५ जनालाई उद्धार गरेको एक सैनिक प्रवक्ताले बुधबार जानकारी दिएका छन् ।

जनवरी २८ देखि लगातार परेको वर्षाका कारण आएको बाढी र पहिरोको चपेटामा परेको दाभाओ क्षेत्रको एक प्रान्त डिभाओ दि ओरो क्षेत्रका बाढी र पहिरोका कारण करिब आठ लाख मानिस प्रभावित भएको र २० जनाभन्दा बढीको मृत्यु भएको सरकारले जनाएको छ ।

सेनाको पूर्वी कमाण्डकी प्रवक्ता रोजा मा क्रिस्टिना रोसेट म्यानुएलका अनुसार उक्त क्षेत्रमा रहेको एक खानी कम्पनीका थप ४१ जना कर्मचारी अझै बेपत्ता छन् । म्यानुएलका अनुसार ४५ जनामध्ये तीन जनाको अवस्था गम्भीर छ र उनीहरूलाई तत्काल हवाई मार्ग हुँदै यपचारका लागि पठाउने तयारी भइरहेको छ ।

बाँकी व्यक्तिको खोजी र उद्धारको प्रयास जारी रहेको एपेक्स माइन्स फर्मलाई उद्धृत गर्दै उनले बताए, 'घटनास्थल नजिकै रहेका करिब ६०० जनालाई सुरक्षित स्थानमा सारिएको छ,' म्यानुएलले भने 'पहिरोका कारण कैयौ अन्य व्यक्ति प्रभावित भएका छन् ।

प्रवक्ताले भने, 'सडकहरू अगम्य छन् भने यस क्षेत्रमा कुनै फोन टावरको संकेत नरहेको कारण सेनाले रेडियो सम्पर्क स्थापित गर्न र खोजी र उद्धार कार्यमा मद्दत गर्न टोलीहरूलाई तैनाथ गरेको छ ।'

प्रान्तीय प्रकोप रोकथाम एजेन्सीका एड मकापिलीले रेडियो अन्तर्वार्तामा जनाएअनुसार बुधबार बिहानै पहिरोमा परेकाहरूको उद्धार कार्य पुनः सुरु गरिएको छ । दाभाओ दि ओरो प्रान्तको तटीय खानी सहर माकोको एउटा खानीस्थल नजिकै स्थानीय समयअनुसार मंगलबार साँझ ७:५० बजे पहिरो गएको थियो । *रासस/सिन्हवा*

## युद्धविराम सम्झौता वार्ताबारे छलफल गर्न ब्लिन्केन इजरायलमा

**तेल अभिभ**- प्यालेस्टिनी इस्लामिक लडाकु समूह (हमास) सँगको युद्ध पाँचौं महिना प्रवेश गरेको बेला युद्धविराम सम्झौताका लागि पहल गर्न अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन बुधबार इजरायल आइपुगेका छन् ।

साउदी अरबा, इजिप्ट र कतारपछि मध्यपूर्वको भ्रमणका क्रममा उनले इजरायलमा नेताहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । द्वन्द्वको सुरुमा अस्थायी युद्धविरामको मध्यस्थता गरेको कतारले हमासले युद्ध रोक्नका लागि नयाँ प्रस्तावित सम्झौताको जवाफ दिएको बताएको छ ।

कतारका प्रधानमन्त्री मोहम्मद बिन अब्दुलरहमान अल थानीले ब्लिन्केनसँग दोहामा भएको भेटपछि भने, 'जवाफमा केही थप माग समावेश भए पनि यो सकारात्मक छ ।'

ब्लिन्केनले हमासको जवाफ इजरायलसँग 'साझा' भएको र बुधबार त्यहाँ छलफल गर्ने बताएका छन् । उनले अझै धेरै काम गर्न बाँकी रहेको तर सम्झौता सम्भव छ र वास्तवमै



आवश्यक छ भन्ने कुरामा आफू विश्वस्त रहेको बताए ।

इजरायली गुप्तचर संस्था मोसादले पनि हमासको जवाफ प्राप्त गरेको इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले जनाएको छ । नेतन्याहूले मंगलबार भने, 'हामी पूर्ण जितको बाटोमा छौं र हामी रोकिने छैनौं ।'

इजिप्टसँग जोडिएको गाजाको दक्षिणी सीमामा रहेको राफा सहरतर्फ इजरायली सेनाले आक्रमण गरेपछि युद्धविरामका लागि दबाब बढेको छ ।

संयुक्त राष्ट्रसंघीय सहायता समन्वय कार्यालय ओसिएचएका प्रवक्ता जेन्स लार्कले भने 'स्पष्ट रूपमा भन्नुपर्दा, यस अवस्थामा राफामा हुने सम्भावित कारबाहीले ठूलो मात्रामा नागरिकको ज्यान लिन सक्छ र यसबाट बच्न हामीले आफ्नो शक्तिले भ्याएसम्म सक्दो प्रयास गर्नुपर्छ ।'

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको अभूतपूर्व आक्रमणका कारण करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले इजरायली अधिकारीबाट पुष्टि गरेको तथ्यांकले देखाएको छ ।

लडाकुहरूले लगभग २५० बन्धकहरूलाई कब्जामा लिएकोमा गाजामा १३२ जना अझै बाँकी रहेको र कम्तीमा २७ जना मारिएको अनुमान इजरायली स्रोतले एएफपीलाई उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAWAL AL MADINA BREAD FACTORY.

पूर्व स्वीकृति मिति २०८०/०८/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. No. 295648 चलानी नं.६०२१०७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 1 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED KHAFIR AL MUSAAD AL QARNI COMPANY

पूर्व स्वीकृति मिति: २०८०/१०/२४ LT No. 299555 चलानी नं. ६०२१४४८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 8 | 0 | 1800 | ६३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEX LOGISTICS SERVICES COMPANY.

पूर्व स्वीकृति मिति २०८०/१०/२४ LT. No. 299550 चलानी नं. ६०२१४४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATRIOT PROTECTION & SECURITY SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. 293035 चलानी नं. ६०२०८१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६१९/०७९/८०

ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4593648
Email: alliedintl1619@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABOU SHAY RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१०/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२४ LT. No. 298150 चलानी नं. ६०२१३२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1500 | ५४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com
श्रम ईजाजत नं. १२२४/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHRA JANOB EST.

पूर्व स्वीकृति मिति: २०८०/१०/२४ LT. No. 299504 चलानी नं.: ६०२१४४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 22 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११८६०० | प्रति तोला - ११८०५० | प्रति तोला - १३७५ |

## उद्योगीको समस्या समाधानका लागि पहल गर्छु : राष्ट्रपति



■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रपति रामचन्द्र पौडेलले उद्योगी व्यवसायीको क्षेत्रमा देखिएको समस्या समाधानका लागि आफूले पहल गर्ने बताएका छन् । नेपाल राष्ट्रिय व्यवसायी महासंघले बुझाएको ज्ञापनपत्र बुझ्दै उनले उद्योगी व्यवसायीको समस्याप्रति आफू जानकार रहेको बताउँदै त्यसको समाधानका लागि आफूले सम्बन्धित निकायसँग कुरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

'तपाईंहरूले उठाउनुभएको माग जायज छन्, मुलुकको अर्थतन्त्रलाई लयमा फर्काउनका लागि तपाईंहरूजस्ता उद्योगी व्यवसायीले खेलेको भूमिका महत्वपूर्ण छ, तपाईंको समस्या समाधानका लागि आफ्नो क्षेत्रबाट पहल गर्नेछु', उनले भने ।

महासंघका अध्यक्ष कुमार कार्कीले कोरोनाका कारण थलिएको व्यवसायलाई पुनःउत्थान गर्नका लागि कर्जाको ब्याजदर एक अंकमा घटाउनका लागि पहल गर्न आग्रह गरेका थिए । उनले भन्सार दरबन्दी घटाउनुपर्ने, युवालाई स्थानीय तहमा सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने, युवालाई कृषिजन्य उत्पादनमा जोड्नका लागि विशेष योजना ल्याउन सरकारसँग पहल गर्न राष्ट्रपतिसमक्ष आग्रह गरे ।

महासंघले किसानले उत्पादन गरेको सामग्रीलाई बजारसम्म लैजाने क्रममा ठाउँठाउँमा अनावश्यक कर तिरेर पाइरहेको दुःखको अन्त्य गर्नुपर्ने, व्यापारिक केन्द्रलाई व्यवस्थित बनाउनुपर्ने, रसुवाबाट केरुङ सामान ढुवानी गर्न जाने ट्रक र सामान लोड गर्ने मालधनी वा प्रतिनिधिलाई केरुङ जान रोक लगाउँदा व्यवसायीले समस्या भोग्नुपरको भन्दै यसको सहजीकणका लागि माग गरेको छ ।

यसैगरी, वैज्ञानिक घरभाडा लागू गर्नुपर्ने, उद्योग व्यवसाय क्षेत्र फस्टाउने वातावरण निर्माण गर्न साना तथा मझौला एवं महिला तथा युवा उद्यमीलाई सहुलियत कर्जा कम्तीमा रु २५ लाखको व्यवस्था गर्नुपर्ने, देशको अर्थतन्त्रलाई अगाडि बढाउनका लागि रुग्ण रहेको स्वदेशी उद्योगलाई स्वदेशी लगानी र जनशक्तिको प्रयोग गरी यथाशीघ्र सञ्चालन गर्न आग्रह गरेको छ । निजी क्षेत्रको मुद्दाका विषयमा नीति निर्माण तहमा रहेका सीमित संस्थाको 'सिन्डिकेट'को अन्त्य गरी सबै क्षेत्रका उद्योगी व्यवसायी समावेश गरी एक उच्चस्तरीय समिति गठन गर्न राष्ट्रपतिसमक्ष महासंघले आग्रह गरेको छ ।

यसैगरी, बैंक तथा वित्तीय संस्थाले घरजग्गा लिलाम गर्दा ३५ दिने सूचना दिएर लिलाम गर्दै आएकोमा लिलाम अवधि कम्तीमा छ महिना बनाउन र बैंक तथा वित्तीय क्षेत्रले गर्ने लगानीको कम्तीमा ५० प्रतिशत साना तथा मझौला व्यवसायीमा गर्न माग गरेको हो । भेटमा महासंघका पदाधिकारी एवं सदस्यको सहभागिता थियो ।

## भृकुटी कागज कारखाना खुलाउन समितिको चासो

■ प्रभाव संवाददाता

**नवलपुर** – नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटमा बन्द अवस्थामा रहेको भृकुटी कागज कारखाना लिमिटेड बन्द भएकोबारे गण्डकी प्रदेशको अर्थ तथा विकास समितिले चासो देखाएको छ ।

उद्योग बन्द हुनुका कारण, बन्द उद्योगबारे स्थानीयको धारणा तथा उद्योग खोल्न आइपर्ने चुनौतीका विषयमा समितिका सभापति भोजराज अर्याल नेतृत्वको टोलीले चासो देखाएको हो । मंगलबार उद्योगको अनुगमन गर्दै सभापति अर्यालले राष्ट्रिय गौरवका आयोजनाको रूपमा रहेको भृकुटी कागज कारखाना बन्द हुनुका कारण, स्थानीयको अपेक्षा, पुनःसञ्चालन गर्नसक्ने अवस्थाबारे स्थानीयसँग छलफल गरेको बताए ।



देशकै ठूलो उद्योग निजीकरणमा गएर बन्द भएपछि यसले नागरिकमा नकारात्मक असर परेकाले यसबारे बुझ्ने र उद्योगको वर्तमान अवस्थाबारे सरकारलाई ध्यानाकर्षण गराउने आफूहरूको उद्देश्य रहेको अर्यालको भनाइ छ । 'लामो समयदेखि सञ्चालनमा आएका ठूला उद्योग मुलुकमा प्रजातन्त्रको पुनःस्थापनापछि निजीकरणका नाममा सरकारले बेच्यो भनेर नागरिकस्तरमा प्रचार भएका छन्', उनले भने, 'खासमा के भएको रहेछ, यहाँका समस्या के हुन् बुझेर सरकारलाई सुझाव दिँदै बन्द उद्योग खुलाउनका लागि पहल गर्न हाम्रो अनुगमन हो ।'

ठूला उद्योग सञ्चालनमा आएको अवस्थामा सरकारलाई आम्दानी हुनुका साथै नागरिकका आवश्यकता पनि परिपूर्ति हुने उनको भनाइ छ । गण्डकी प्रदेशभित्रका बन्द उद्योगले समग्र देशकै आवश्यकता परिपूर्ति गर्न नसके पनि गण्डकी प्रदेशको आवश्यकता परिपूर्ति गर्न सकेको खण्डमा आयतमा कटौती हुँदै राजस्वमा वृद्धि हुने अर्यालले बताए ।

'हाम्रो अनुगमनका क्रममा उद्योगका कर्मचारी, व्यवस्थापन पक्ष र स्थानीयबाट आएका सकारात्मक पक्षबारे सरकारलाई ध्यानाकर्षण गराउँछौं', उनले भने, 'बन्द उद्योगलाई यस ठाउँबाट हटाउनुभन्दा पनि यी उद्योग सञ्चालन गर्नुपर्छ भन्ने हाम्रो चाहना हो ।' बन्द उद्योग सरकारले मात्रै पुनःसञ्चालन गर्न चाहेर नहुने भन्दै उनले स्थानीयले चाहेनन् भने बलजफ्ती गरेर उद्योग खोल्न नसकिने बताए ।

अनुगमनका क्रममा समिति सदस्य एवं नवलपुरका प्रदेशसभा सदस्य पद्मा जिसीले बन्द रहेको भृकुटी कागज कारखाना जीर्ण अवस्थामा रहेकाले यहाँको वस्तुस्थितिबारे बुझ्न र सरकारलाई यथार्थ जानकारी गराउन आफूहरू स्थलगत अवलोकनमा आएको बताइन् । 'उद्योग चल्दा यहाँको अवस्था सुन्दर थियो, तर अहिले बन्द कारखानाले यहाँको सौन्दर्यतालाई नै नराम्रो बनाएको छ', उनले भनिन् ।

बजारको बीचमा रहेको उद्योग पुनः सञ्चालन गर्ने अवस्थाबारे अध्ययन तथा यहाँ कार्यरत मजदुरको पारिश्रमिकका विषयमा समेत जानकारी लिएको उनले बताइन् । 'उद्योग सञ्चालन गर्नुपर्नेबारे हामीले सदनमा कुरा उठाएका थियौं, तर ती कुरा सतही थियो, स्थलगत अनुगमनपछि यसबारे हामीलाई थप जानकारी मिलेको छ', उनले भनिन्, ' यहाँको अवस्था हेर्दा दर्दनाक नै छ, राज्यको यत्रो सम्पत्ति खण्डहर भएर बसेको देख्दा दुःख लागेको छ ।'

भृकुटी कागज कारखाना व्यवस्थापनका विषयमा प्रदेश सरकारले संघीय सरकारसँग कुरा लिएर जानुपर्ने उनले बताइन् । विसं २०४३ बाट सञ्चालनमा आएको उद्योग २०४९ सालमा निजीकरण गरिएको थियो । निजीकरण गरिएको करिब १८ वर्षसम्म नियमित सञ्चालनमा आएको उद्योग २०६९ सालमा औपचारिकरूपमा बन्द गरिएको थियो । उद्योग बन्द भएपछि यहाँ कार्यरत मजदुरको करिब रु ३३ करोड पारिश्रमिक उद्योगले भुक्तानी गर्न बाँकी छ ।

## नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौं** (प्रस) – नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक चार दशमलव ९२ अंकले बढेर दुई हजार ९० दशमलव ६४ को विन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय १३ कम्पनीका ७७ लाख ३२ हजार दुई सय ३४ कित्ता शेयर ६५ हजार चार सय ६३ पटक खरिद बिक्री हुँदा रु दुई अर्ब ८४ करोड २५ लाख ५० हजार दुई सय ३७ बराबरको कारोबार भएको छ ।

वित्त समूह शून्य दशमलव ०४, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १७, निर्जीवन बीमा समूह शून्य दशमलव ३९, व्यापार समूह शून्य दशमलव १२ र अन्य समूह एक दशमलव ५३ प्रतिशतले घटेको छ ।

कारोबारमा सबैभन्दा बढी होटल तथा पर्यटन समूह एक दशमलव ५० र जीवन बीमा समूह एक दशमलव २९ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ समूह शून्य दशमलव २६, विकास बैंक समूह शून्य दशमलव ३०, जलविद्युत् समूह शून्य दशमलव ९४, लगानी समूह शून्य दशमलव ४० र म्युचुअल फन्ड शून्य दशमलव ४२ प्रतिशतले बढेको छ ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड र इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धैरै गुमाउनेमा भने एनसीसी डिभेञ्चर-२०८६ पाँच दशमलव २५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु २४ करोड ८२ लाख ६८ हजार ३८ बराबरको तीन लाख ५४ हजार दुई सय ५८ कित्ता शेयर किनबेच भएको छ ।

## 'अर्थतन्त्र गतिशिल बन्दै गएको छ'




■ प्रभाव संवाददाता

**काठमाडौं** – अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र गतिशील बन्दै गएको बताएका छन् । इकोनोमिक मिडिया एशोसिएसन नेपाल (इमान) को प्रथम वार्षिकोत्सवका अवसरमा आयोजित 'अर्थतन्त्र पुनरुत्थानमा सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रियामा उनले मुलुकको अर्थतन्त्र सकारात्मक बाटोमा अगाडि बढ्दै गएको बताएका हुन् ।

'विगतका दिनमा धैरै रकम अनुत्पादक क्षेत्रमा खर्च भयो, उक्त खर्चको दायित्व तिर्दा अर्थतन्त्र केही दबाबमा परेको थियो, पुँजीगत खर्च अब बढ्छ, त्यो विस्तारै समाधान हुँदैछ, अर्थतन्त्र लयमा फर्कंदै छ', उनले भने । अर्थमन्त्री डा. महतले बैंक तथा वित्तीय क्षेत्रबाट लिएको ऋण तिनुपर्ने बताए । 'बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण कुनै हालतमा पनि तिनुपर्छ', उनले भने । उनले निजी क्षेत्र, सञ्चारकर्मी, सरकार, नागरिक समाज, समग्र जनता मिलेर मुलुकको अर्थतन्त्रलाई सपार्ने बाटोमा लाग्नुपर्ने बताए ।

सबै क्षेत्रको सामूहिक प्रयासबाट मात्र अर्थतन्त्रले गति लिने उनको भनाइ छ । उनले अर्थतन्त्रले पछिल्लो समय राम्रो गति लिएको तथ्यांकले देखाएको बताए । 'हामीसँग पुँजी छ, तर खर्च गर्न समस्या भएको छ, आगामी दिनमा खर्च पनि बढ्छ,' उनले भने ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले पछिल्लो समय नेपालको अर्थतन्त्र गतिशील बन्दै गएको बताए । उनले आयात विस्तारै घट्दै जानुका साथै विप्रेषणसमेत बढ्दै गएको बताए । उनले नेपालको बैंक तथा वित्तीय क्षेत्रमा जुन खालको कर्जा प्रवाह गर्नुपर्ने हो त्यो हुन नसकेको स्पष्ट पारे । उनले कर्जालाई उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्नेमा जोड दिए । अर्थतन्त्रलाई सकारात्मक सन्देश दिने खालका समाचार सम्प्रेषणमा लाग्न सञ्चारमाध्यमलाई उनले आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रका सूचकांक पछिल्लो समय सकारात्मक गतिमा जाँदा पनि उक्त सकारात्मक कुरा आम जनतामा जान नसकेको बताए । फ्रेबुअरीमा हुन लागेको लगानी सम्मेलनलाई आवश्यक पर्ने ऐन, कानुन सहजीकरणका लागि निजी क्षेत्रले सरकारलाई सुझाव दिइसकेको उनको भनाइ छ । अध्यक्ष ढकालले मुलुकमा लगानीको वातावरण निर्माण गर्न जरुरी रहेको उल्लेख गरे ।

नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष कमलेशकुमार अग्रवालले अर्थतन्त्रलाई अगाडि बढाउन निजी क्षेत्रको मनोबल बढाउन जरुरी रहेको बताए । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्लले व्यक्तिगत पाराले सहकारी चलाउँदा सहकारी क्षेत्रमा समस्या उत्पन्न भएको उल्लेख गरे । नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी, नेपाल उद्योग परिसंघ उद्योग समितिका संयोजक लक्ष्मीप्रसाद सुवेदीलगायतले मुलुकको अर्थतन्त्रको विकासको क्षेत्रमा इमानले खेलेको भूमिका सराहनीय रहेको बताए । इमानका अध्यक्ष रोयल आचार्यले मुलुकको अर्थतन्त्रलाई सबल बनाउनका लागि इमानले भूमिका खेल्दै आएको बताए । बैंक तथा वित्तीय संस्थाको आवाज इमानले बोल्दै आएको उनको भनाइ थियो ।

## 'हिमालयन हाइड्रो एक्स्पो' हुँदै

**काठमाडौं** (प्रस) – आगामी वैशाख १२ देखि १४ गतेसम्म काठमाडौंस्थित भृकुटीमण्डपमा ' हिमालयन हाइड्रो एक्स्पो-२०२४' आयोजना हुनेभएको छ । निजी क्षेत्रका ऊर्जा उत्पादकहरूको साझा संस्था 'इपान' र एक्स्पो एण्ड इभेण्ट म्यानेजमेन्ट सर्भिसको संयुक्त आयोजनामा एक्स्पोको चौथो संस्करण हुनलागेको हो ।

एक्स्पो जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा हाइड्रो पावर निर्माता, सामन उत्पादक, आपूर्तिकर्ता र परामर्शदाता, बीमा कम्पनी, लगानीकर्ता, बैंक तथा वित्तीय संस्था, सिमेन्ट, डण्डीलगायत दुई सय भन्दा बढी कक्ष स्थापना गरिने स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इपान) का अध्यक्ष गणेश कार्कीले बताए ।

कार्कीले दश वर्षमा १० हजार मेगावाट विद्युत् भारतमा निर्यात गर्ने सम्झौता भइसकेको र सन् २०३५ भित्र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने उद्देश्यसहितको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने मार्गचित्र सरकारले तयार गरेको सन्दर्भमा एक्स्पो लाभदायक हुने बताए ।

पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार तीनदिने एक्स्पोमा चीन, भारत, क्यानडा, नर्वे, दक्षिण कोरिया, जर्मनी, अष्ट्रिया, बुल्गेरिया, चेक रिपब्लिक, इटली, स्वीडेन, संयुक्त अधिराज्य बेलायतलगायत मुलुकका ऊर्जा उत्पादनसँग सम्बन्धित कम्पनी तथा सरोकारवालाको सहभागी हुने छन् ।

## प्रणय दिवसमा साढे ३ लाख 'स्टिम' गुलाफ माग

**काठमाडौं** (प्रस) – फ्लोरिकल्चर एसोसिएसन नेपालले यस वर्ष तीन लाख ५० हजार स्टिम गुलाफको माग रहेको जनाएको छ । एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले कूल मागमध्ये १० प्रतिशत आन्तरिक उत्पादन हुने र ९० प्रतिशत गुलाफ भारतबाट आयात गर्नुपरेको बताए ।

मागअनुसार स्वदेशमा उत्पादन हुन नसक्दा विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि भारतबाट गुलाफ ल्याइएको उनको भनाइ छ । यस वर्ष रातो गुलाफ प्रतिस्टिम रु ८० देखि एक सयसम्म पर्ने उनले बताए । आजबाट प्रणय दिवस सप्ताह सुरु भएको छ । पश्चिमा संस्कृति भए पनि पछिल्लो समय नेपालमा पनि यस दिवसलाई विशेष महत्वका साथ लिने गरेको पाइन्छ । प्रणय दिवस फेब्रुअरी १४ तारिखमा पर्दछ । तर उक्त दिनभन्दा एक हप्ताअघिदेखि नै यो दिवस मनाउने प्रचलन छ । प्रेमको प्रतीक मानिने रातो गुलाफ यस दिवसमा प्रेम जोडीले एकअर्कालाई दिएर मनाउने गर्दछन् ।

अध्यक्ष तामाङका कूल मागको ६० प्रतिशत काठमाडौं उपत्यकामा र बाँकी ४० प्रतिशत गुलाफ देशका अन्य सहरमा खपत हुने बताउँछन् । प्रणय दिवसमा मात्रै रातो गुलाफको कारोबार रु. तीन करोड ५० लाखको हुने उनको भनाइ छ ।

रातो गुलाफ विशेष गरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकमा व्यावसायिकरूपमा लगाउने गरिएको छन् । फूलको मागमा आएको वृद्धिसँगै विशेष गरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४१ जिल्लामा लगभग छ सय ७५ विभिन्न किसिमका पुष्पखेती तथा नर्सरी विस्तार भइसकेको छ । व्यावसायिकरूपमा चार सय ५० प्रजातिका गुलाफ नेपालमा उत्पादन हुँदै आएको छ । पुष्प व्यवसायमार्फत ४१ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लाभ लिएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्प्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ